स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता अनमोल केसी अभिनीत फिल्म "जेरी अन टप" ले बक्स अफिसमा आक्रामक कमाइ गरिरहेको छ। होस्टेल" बाट अभिनेताका रूपमा डेब्यु गरेका अनमोलले पहिलो फिल्मबाटै चर्चा कमाएका थिए। त्यसपछि उनका "जेरी", "ड्रिम्स", "गाजलु" लगायतका फिल्महरू लगातार चर्चित र सफल छन्। यद्यपि, यसअधिका फिल्मभन्दा व्यापारमा "जेरी अन टप" अगाडि आएको छ।

आजको विचार...



श्रीमननारायण

नेपाली...

(दुई पेजमा)

फिल्म निर्माणको स्टेरिङ समाल्नु एउटा कुरा हो, तर त्यसलाई सही गन्तव्यमा पुऱ्याउनु विज्ञताको परीक्षा हो। निर्देशक एकता पौडेलको हकमा पनि उक्त कुरा ठ्याक्कै मेल खान पुगेको छ। अमेरिकाबाट फिल्म मेकिङको अध्ययन गरेर फर्किएकी पौडेलले "हर्ष"मार्फत निर्देशकीय स्टेरिङ समातिन्, तर अभ्यास र परिपक्वताको अभावले होला, उनी फिल्मलाई दर्शकको अपेक्षाअनुसार गन्तव्यसम्म पुऱ्याउने सवालमा कच्चा देखिइन्।



❒ वर्ष ३१ अंक १३० ❒ २०८२ मंसिर २१ गते आइतबार 7 December 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### गोली चल्दा ११ जनाको मृत्यु

(रासस/एएफपी)

**जोहानेसबर्ग,** मङ्सिर २० /बन्दुकधारीहरूले शनिबार दक्षिण अफ्रिकाको राजधानी प्रिटोरिया स्थित एक छात्रावासमा आक्रमण गरी तीन वर्षीय बालकसहित ११ जनाको हत्या गरेको प्रहरीले जनाएको छ । आक्रमणमा २५ जनालाई गोली लागेको पुष्टि गर्दै प्रहरी प्रवक्ता एथ्लेन्डा माथेले १४ जनालाई अस्पतालमा भर्ना गरिएको जनाउनु भएको छ । प्रिटोरियाबाट १८ किलोमिटर पश्चिममा रहेको साउलसभिल टाउनसिपमा आक्रमण हुदाँ दश जनाको घटनास्थलमै मृत्यु भएको उल्लेख गर्दै अर्का एक जनाको अस्पतालमा मृत्यु भएको उनले बताए । तीन जना बन्दुकधारीहरू बिहान ४:३० बजे छात्रवास परिसरमा प्रवेश गरी पुरुषहरूको समूहमा अन्धाधुन्ध गोली हानेको जनाइएको छ । उनले गोली हानाहानको उद्देश्य पत्ता लगाउन नसकिएको उल्लेख गर्दै अहिले सम्म कसैलाई पनि पक्राउ नगरिएको बताएका छन् । दक्षिण अफ्रिकाको सबैभन्दा औद्योगिक राष्ट्र दक्षिण अफ्रिका संगठित सञ्जालद्वारा सञ्चालित अपराध र भ्रष्टाचारसँग जुभिरहेको जनाइएको छ ।मुलुकमा धेरै मानिसहरूसँग व्यक्तिगत सुरक्षाका लागि इजाजतपत्र प्राप्त हतियारहरू रहेको तर धेरै अवैध बन्दुकहरू प्रचलनमा रहेको जनाइएको छ ।

# स्वास्थ्य स्वयंसेविकाको गुनासो : दु:ख धेरै, सुविधा कम

रामचन्द्र रायमाभी

**पाल्पा,** मंसिर २०/जिल्लाका स्वास्थ्य स्वंसेविकाहरुले आफूहरूले बर्षौं देखि निशूल्क रुपमा स्वास्थ्य सेवा प्रवाह गर्दै आएको भएपनि राज्यले आफूहरू माथि ठूलो अन्याय गरेको गुनासो गर्ने गरेका छन् । उनीहरूले घरदैलो कार्यक्रम गर्दै सुरक्षित मातृत्व, खोप तथा पोषण कार्यक्रम र नवजात शिशु सरसफाइमा जनचेतना फैलाउने काम गर्दै आए पनि आफूले गरेको कामको कुनै पनि मूल्याङ्कन नभएकोमा चिन्ता व्यक्त गर्ने गरेका हुन् ।

तानसेनकी मनकला सारुले महिला स्वयंसेविकाको काम गर्न थालेको २० बर्ष भयो । उनले रातदिन नभनेर गर्भवतीदेखि ५ वर्षमुनिका शिशुको स्वास्थ्यबारे जिम्मेवारपूर्वक काम गरिरहेकी छन् । आफूहरूको जिन्दगी गाउँघरकै सेवामै बितेको सारुको भनाई छ । महिला स्वास्थ्य स्वयंसेविकाको रूपमा काम गर्दा खाजा खर्चसमेत नपाएको उनको गुनासो छ । "हामीले दु:ख मात्र गरेका छौं, श्रमको उचित मूल्य पाउन सकेका छैनौं," उनले भनिन् । सुविधाका



नाममा बैठक भत्ता रु चार सय ५०, वार्षिक पोशाक भत्ता रु १० हजार, खोप लगाउँदा तथा औषधि खुवाउँदा दैनिक रु चार सय र त्यसभन्दा अरू प्राप्त गर्न नसकेको उनले बताइन् ।जिल्लाको रम्भा गाउँपालिका-३ पिपलडाँडाकी लिलामाया रानाले पनि सुत्केरी हुँदा स्वास्थ्य संस्थामा जान सल्लाह दिने, आवश्यक परे लैजाने र घण्टौं कुरेर बस्ने गरे पनि कामअनुसारको सुविधा र सम्मान नभएको उनको गुनासो छ । "गर्भवतीलाई नियमित चेकजाँच गर्न लैजान्छौं । आइरन चक्की खुवाउँछौं । बच्चालाई पोलियो खुवाउने गर्छौं । आफ्नो टोलका स्वास्थ्यसम्बन्धी अधिकांश कामको जिम्मा हामीहरूले नै लिएका छौं," उनले भनिन्, "रात दिन घरपरिवार छाडेर सेवा गरिरहेका छौं ।" कामअनुसारको सम्मान र सुविधा नपाएको उनले बताइन् । "हामीहरूलाई खासै सुविधा मिल्दैन,"उनले भनिन्, "आफ्नो परिवार धान्नै गाह्रो पो हुन्छ ।" पोशाक खर्च भनेर वार्षिक १० हजार रुपैयाँ मात्र सरकारले दिने गरेको उनको भनाइ छ । *-बाँकी अन्तिम पेजमा*

## खोलामा एक पुरुषको शव फेला



**गुल्मी,** मंसिर २०/ जिल्लाको एक खोलामा पुरुषको शव फेला परेको छ । जिल्लाको रेसुंगा नगरपालिका-४ स्थित पनाहा खोलामा अन्दाजी ३५ वर्षीय पुरुष शव शनिबार फेला परेका हो ।

शव फेला परे पनि पहिचान भने हुन बाँकी रहेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रमुख प्रहरी उपरीक्षक नारायणप्रसाद अधिकारीले बताए । उनका अनुसार, शनिबार दिउँसो साढे १ बजे आसपासमा पनाहा खोलामा सेतो हरियो रङको चेक सर्ट, माथि नाइक लेखेको कालो ट्र्याक लगाएको र कालो पाइन्ट लगाएका पुरुष मृत फेला परेका थिए । स्थानीयले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । घटनास्थलमा जिल्ला प्रहरी कार्यालयबाट प्रहरी निरीक्षक पर्वतकुमार केसीको नेतृत्वमा टोली खटिएको थियो । घटनासम्बन्धी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## शिक्षा स्वास्थ्य तथा साहित्य प्रतिष्ठानद्वारा पाल्पामा ११ नारी सम्मानित

**पाल्पा,** मंसिर २०/ शिक्षा स्वास्थ्य तथा साहित्य प्रतिष्ठान नेपालले विभिन्न क्षेत्रका ११ जना नारीहरुलाई सम्मान गरेको छ । प्रतिष्ठानको २० औं वार्षिक दिवस तथा ९७ औं कुलमणि देवकोटा जन्मजयन्ती समारोहको अवसरमा शनिबार पाल्पाको तानसेनमा पुरस्कृत एवं सम्मान गरेको हो ।



प्रतिष्ठानले कुलमणि देवकोटा स्मृति प्रतिभा पुरस्कारबाट कवयित्री सरू ज्ञवाली ,लक्ष्मीप्रिय जगत बहादुर जोशी स्मृति पुरस्कारबाट साहित्यकार सीता ढङ्गाना काफ्ले, जगतकुलमणिकविन्द्र त्रिनक्षत्र पुरस्कारबाट शकुन्तला पौडेल सानु, विमला रेग्मी स्वास्थ्य सेवा पुरस्कारबाट युनाइटेड मिसन अस्पताल तानसेनकी सिनियर स्टाफ नर्स सीता पन्थी, इन्द्रलाल भारती शिक्षा सेवा सम्मानबाट शिक्षासेवी पूर्वप्रधानाध्यापक केशलक्ष्मी श्रेष्ठ , शक्तिराज रेग्मी सञ्चार सेवा सम्मानबाट रेडियो सञ्चारकर्मी गीता ज्ञवाली , बालहरि स्वास्थ्य सेवा पुरस्कारबाट स्वास्थ्यकर्मी मन हेमचुरी पौडेल ,दीनानाना साहित्य सेवा सम्मानबाट साहित्य प्रतिष्ठानकी आजीवन सदस्य गुणवती के.सी.,राधावद्री स्मृति स्वयंसेवा सम्मानबाट समाजसेवी एवं स्वयंसेवी महिला सरस्वती भट्टराई , शिस्वासाप्र राष्ट्रिय सुसेली सम्मानबाट सुसेली सर्जक कवयित्री इन्दिरा ज्ञवाली पौडेल र तुलठगी शैक्षिक प्रतिभा पुरस्कारबाट न्यू होराइजन स्कुलकी छात्रा अदिति चापागाईंलाई पुरस्कृत एवं सम्मान गरेको छ ।सम्मानित नारीहरुलाई कार्यक्रमका प्रमुख अतिथि साहित्यकार डा. अनिता लामिछाने र प्रतिष्ठानका अध्यक्ष पुष्कर अथक रेग्मीले पुरस्कारले सम्मान गरेका हुन् । सम्मान गर्दै प्रमुख अतिथि साहित्यकार डा. लामिछानेले शिक्षा स्वास्थ्य र साहित्यको क्षेत्रमा क्रियाशील संस्थाले सचेतना शिक्षा , स्वास्थ्य शिविर सञ्चालन र साहित्यको विकासको लागि महत्वपूर्ण योगदान पुऱ्याएकोमा खुसी व्यक्त गरे । (*...बाँकी अन्तिम पेजमा*)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

# सम्पादकीय

## उड्डयन क्षेत्र सुधार गरौं

झण्डै एक दशकअघिदेखि नेपाली हवाई क्षेत्रको सुरक्षा सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरबाटै विभिन्न प्रश्न उठ्दै आएको छ । यातायातका दृष्टिले हवाई उडानलाई सुरक्षित मानिए पनि बर्सेनि विमान दुर्घटनाको क्रम नरोकिनुले नेपाली आकाश असुरक्षित रहेको हो कि भन्ने आशंका सर्वत्र उत्पन्न हुने गरेको छ ।

विश्वमा सर्वाधिक विमान दुर्घटना हुने देशमध्ये नेपाल पनि एक हो । स्थानीय मौसमको अवस्था पूर्वानुमान गर्ने परिपाटीको अभाव, छोटा रनवे र न्याभिगेशनका लागि पर्याप्त प्रविधि नहुँदा दुर्घटना हुने गरेको हो । त्यति मात्र होइन कमजोर नियमन, व्यापारिक दवाब, चालक दलका सदस्यहरूले निर्धारण गरिएको नियमको पालना नगर्दा पनि दुर्घटना दोहोरिने गरेका छन् । घटनाहरु दोहोरिन नदिनका लागि उड्डन तथा हवाइ सुरक्षालाई सुनिश्चित गर्नु अहिलेको आवश्यकता हो । यसका लागि स्तरीय हवाइ सेवाका लागि चाहिने भौतिक पूर्वाधार, विमानस्थलहरुको स्तरोन्नति, हवाई नियम र अन्तर्राष्ट्रिय मापदण्डको पालना गरिनुपर्छ । नेपालमा भएका पटक पटकका ठूला विमान दुर्घटनाले नेपालीहरुमा ठूलो चोट दिएको छ । हवाई सुरक्षा एउटा अत्यन्तै संवेदनशील विषय हो र यसलाई प्राथमिकतामा राख्न जरुरी छ । अझै पनि नेपाली आकाशमा सिङ्गल इन्जिन सहितका जहाजहरू यात्रुसहित उडाइँदै छन् यसलाई विडम्बना नै मान्नुपर्छ ।

उड्यन क्षेत्रलाई भरपर्दो,गुणस्तरीय र सुरक्षित बनाउन्को साथै अन्तर्राष्ट्रिय मापदण्डको हवाई क्षेत्र र विमानस्थलको सुरक्षा प्रदान गर्ने उद्देश्यले हरेक वर्ष डिसेम्बर ७ मा अन्तर्राष्ट्रिय नागरिक उड्डयन दिवस मनाउने गरिन्छ , आज पनि नेपालसहित विश्व भर यो दिवस मनाउन लागिएको छ । हरेक वर्ष दिवस मनाउने गरिए पनि नेपालमा हवाइ सेवालाई सुरक्षित र भरपर्दो बनाउन सकिएको छैन् । यो अत्यन्त दुखको कुरा हो । स्थानीय मौसमको अवस्था पूर्वानुमान गर्ने परिपाटीको अभाव, छोटा रनवे र न्याभिगेशनका लागि पर्याप्त प्रविधि नहुँदा दुर्घटना हुने गरेका छन् । त्यति मात्र होइन कमजोर नियमन, व्यापारिक दवाब, चालक दलका सदस्यहरूले निर्धारण गरिएको नियमको पालना नगर्दा पनि दुर्घटना दोहोरिने गरेका छन् । घटनाहरु दोहोरिन नदिनका लागि उड्डयन तथा हवाइ सुरक्षालाई सुनिश्चित गर्नु अहिलेको आवश्यकता हो । यसका लागि स्तरीय हवाइ सेवाका लागि चाहिने भौतिक पूर्वाधार, विमानस्थलहरुको स्तरोन्नति, हवाई नियम र अन्तर्राष्ट्रिय मापदण्डको पालना गरिनुपर्छ । यसो गर्न सकियो भने मात्र उड्डयन क्षेत्र सुरक्षित हुन सक्छ । तसर्थ यस्ता कुरामा ध्यान दिन जरुरी छ ।

## Opinion @ Socia Network

कमजोर होइन कठोर बनाउनु छ यो मनलाई
रोएर होइन हासेर देखाउनु छ यो सारा संसार लाई ।
*(सन्जय नेपालको **फेसबुक स्टाटसबाट** www.facebook.com/sanjay.nepal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपाली कांग्रेस महाधिवेशन र चुनौती



**श्रीमननारायण**

*नेपाली काग्रेसको चौधौं महाधिवेशनमा ४० प्रतिशत मत पाएका शेखर कोइराला सम्भवतः यस महाधिवेशनमा पनि पार्टी सभापतिको उम्मेदवार बन्ने निश्चित नै छ । कोइराला परिवारका वरिष्ठ सदस्य रहेका शेखर कोइरालाले पार्टीका पूर्वसभापति गिरिजाप्रसाद कोइरालाको अति नै विश्वासपात्र भई काम गरिसकेका कारण पार्टी संगठनको बारेमा गहिरो जानकारी पनि राखेका छन् । नेपाली काग्रेसको नेतृत्वका लागि तराई–मधेस चिनेको मान्छे हुनुपर्ने योग्यता पनि उनमा छ । विराटनगर निवासी भएका कारण तराई–मधेसबारे पनि उनलाई गहिरो अध्ययन छ । दोस्रो विशेषता भनेका स्व.मातृकाप्रसाद कोइराला र सुवर्ण शमशेरपछि दक्षिणी छिमेकी भारतसित राम्रो सम्बन्ध राख्ने मान्यताका उनी पक्षधर हुन् । स्व.बीपी कोइराला, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सुशील कोइराला र शेरबहादुर देउवाले यदाकदा भारतको विरोध अथवा भारतलाई जिस्क्याउने खालका टिप्पणीहरू गरेकै छन् ।*

नेपाली कांग्रेसलाई देशको सबैभन्दा ठूलो एवं पुरानो लोकतान्त्रिक पार्टी मानिन्छ । नेपालमा लोकतन्त्रको स्थापना, पुनः स्थापना र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनामा यस पार्टीको अग्रणी र नेतृत्वदायी भूमिका रहिआएको छ । लोकतन्त्र र नेपाली कांग्रेसलाई हाम्रो देशमा एक(अर्काको पर्याय भन्दा पनि अतिश्योक्ति नहोला । नेपाली कांग्रेसमा धेरै राम्रा एवं सकारात्मक पक्षहरू अवश्य पनि छन् तर यसका नकारात्मक पक्ष वा कमीकमजोरी छन् । यद्यपि नेपाली कांग्रेसले आनो कमी-कमजोरीलाई पनि आवश्यकता परेको बेला ऊर्जाको रूपमा परिणत गर्दै आएको छ । पार्टीभित्र गुट-उपगुटको कमी कहिल्यै रहेन तर गुटबन्दीका कारण पार्टी विभाजनको इतिहास धेरै लामो छैन । पार्टी विभाजनका एक-दुई घटना भए पनि पुनः पार्टी एक भएको इतिहास पनि छ । नेपाली कांग्रेसको चौधौं महाधिवेशनमा ४० प्रतिशत मत पाएका शेखर कोइराला सम्भवतः यस महाधिवेशनमा पनि पार्टी सभापतिको उम्मेदवार बन्ने निश्चित नै छ । कोइराला परिवारका वरिष्ठ सदस्य रहेका शेखर कोइरालाले पार्टीका पूर्वसभापति गिरिजाप्रसाद कोइरालाको अति नै विश्वासपात्र भई काम गरिसकेका कारण पार्टी संगठनको बारेमा गहिरो जानकारी राखेका छन् ।नेपाली कांग्रेसका आउँदो पन्धौं महाधिवेशनले पार्टीभित्रको असन्तोष र असन्तुष्टिलाई कम गरी एकताको सन्देश प्रवाहित गर्ने विश्वास पार्टीका कार्यकर्ता नेता र शुभेच्छुहरूको रहेको छ । जेनजी आन्दोलनताका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको निवासमा भेटिएका स्वदेशी-विदेशी पैसाहरू, महँगो विदेशी रक्सीहरू र भाँडाकुँडाले सावित गरिसकेको छ कि नेपाली कांग्रेसको नेतृत्व कति बढी भ्रष्टाचारी रहेछ । जेनजी आन्दोलनका कारण उमेरको उत्तरार्द्धमा आएर देउवा दम्पती भौतिक आक्रमणको शिकार हुनु हास्यास्पद र दुःखद् हो । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले आफ्ना अति नै विश्वासपात्र पूर्णबहादुर खड्कालाई पार्टी नेतृत्वको जिम्मेवारी सुम्पेका छन् तर महाधिवेशनमा उनको सक्रिय भूमिका नरहने अनुमान गर्न सकिँदैन ।

सम्भवतः जेन-जी आन्दोलन नभएको भए २०८२ पुसमा पार्टीको राष्ट्रिय महाधिवेशन पनि हुने थिएन, न त आरजु रणा देउवा नै पार्टी नेतृत्वको प्रतिस्पर्धाभन्दा टाढा रहने थिइन । श्रीमती आरजु राणा देउवालाई राम्ररी थाहा छ कि पार्टी नेतृत्वको बागडोर एक पटकका लागि आनो हातबाट गुमिसकेपछि पुनः त्यसलाई प्राप्त गर्न सकिँदैन । नेपाली कांग्रेसमा कुनै जमानामा सुजाता कोइराला पनि निकै प्रभावशाली थिइन्, जब पार्टीको नेतृत्व गिरिजाप्रसाद कोइरालाको हातमा थियो । अचेल उनी कहाँ र कुन अवस्थामा छिन् ? कसैलाई पनि थाहा छैन । शेखर कोइराला, प्रकाशमान सिंह, विमलेन्द्र निधि, कृष्णप्रसाद सिटौला महाधिवेशनमा नेतृत्वमा आकांक्षी हुन सक्दछन् । विश्वप्रकाश शर्मा र गगन थापाहरूले निकै कम समयमा आफ्नो सान्दर्भिकता गुमाउने काम गरे । जेनजी प्रकरणमा उनीहरूले पनि आफ्नो लोकप्रियता गुमाए ।

नेपाली कांग्रेसको चौधौं महाधिवेशनमा ४० प्रतिशत मत पाएका शेखर कोइराला सम्भवतः यस महाधिवेशनमा पनि पार्टी सभापतिको उम्मेदवार बन्ने निश्चित नै छ । कोइराला परिवारका वरिष्ठ सदस्य रहेका शेखर कोइरालाले पार्टीका पूर्वसभापति गिरिजाप्रसाद कोइरालाको अति नै विश्वासपात्र भई काम गरिसकेका कारण पार्टी संगठनको बारेमा गहिरो जानकारी पनि राखेका छन् । नेपाली कांग्रेसको नेतृत्वका लागि तराई-मधेस चिनेको मान्छे हुनुपर्ने योग्यता पनि उनमा छ । विराटनगर निवासी भएका कारण तराई-मधेसबारे पनि उनलाई गहिरो अध्ययन छ । दोस्रो विशेषता भनेका स्व.मातृकाप्रसाद कोइराला र सुवर्ण शमशेरपछि दक्षिणी छिमेकी भारतसित राम्रो सम्बन्ध राख्ने मान्यताका उनी पक्षधर हुन् । स्व.बीपी कोइराला, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सुशील कोइराला र शेरबहादुर देउवाले यदाकदा भारतको विरोध अथवा भारतलाई जिस्क्याउने खालका टिप्पणीहरू गरेकै छन् । शेखर कोइरालाले अवश्य पनि सस्तो लोकप्रिताका लागि कसैको समर्थन वा विरोध गर्नुभन्दा देश र जनताको बृहत्तर हितमा उपयोगी परराष्ट्र सम्बन्धको वकालत गर्नुहुनेछ । हुनत यो हाम्रो दुर्भाग्य नै हो कि नेपालका कुनै पनि प्रमुख राजनीतिदलहरूको भारतका प्रमुख राजनीतिक दलहरूसित राम्रो सम्बन्ध रहेको इतिहास छैन । भारतीय राष्ट्रिय कांग्रेसको सम्बन्ध कहिल्यै नेपाली कांग्रेससित बढी सुमधुर र सकारात्मक थिएन । नेपाली कांग्रेसको सम्बन्ध भारतका समाजवादी नेता र दलहरूसित रहिआएको छ । भारतमा समाजवादको सिद्धान्तमाथि विश्वास राख्ने नेता र दलहरूको अहिले अभाव छ । यद्यपि त्यहाँ पनि नेपालका राजनीतिक दलहरू जस्तै अनेकौं यस्ता दल छन् जो आफूलाई समाजवादी मानिरहेका छन् । विगत साढे तीन दशकदेखि भारतीय राजनीतिमा निर्णायक भूमिका निर्वाह गर्दै आएको भारतीय जनता पार्टीसित नेपालका कुनै पनि राजनीतिक दलको मित्रतापूर्ण अथवा भ्रातृत्वको सम्बन्ध छैन । नेपालका कम्युनिष्ट पार्टीहरूको चीनका कम्युनिष्ट पार्टीसित राम्रो सम्बन्ध छ । नेपाल कम्युनिष्ट पार्टीका नेताहरूमहिनापिच्छे नै चीन भ्रमणमा जान्छन्, चिनियाँ नेताहरूलाई अतिथिका रूपमा बोलाउँछन् पनि तर नेपाली कांग्रेस भने त्यस्तो गर्दैन । यदाकदा नेपाली कांग्रेसका नेताहरू चीन भ्रमणमा जाने गर्दछन् तर भारतमा त्यस्तो राजनीतिक भ्रमण हुने गरेको पाइँदैन । भारतका कम्युनिष्ट पार्टीको पश्चिम बंगाली, बिहार, उत्तर प्रदेश, उत्तराखण्ड र सिक्किमका खासै प्रभाव नरहेका कारण पनि नेपालका कम्युनिष्ट पार्टी र भारतसितको सम्बन्ध राम्रो छैन । भारत विरोधमा आधारित राष्ट्रवादकै नाराका कारण यहाँका कम्युनिष्टहरू जनताको समर्थन पनि हासिल गरिरहेका छन् । तसर्थ पनि नेपालका कम्युनिष्टहरूले भारतसित राम्रो सम्बन्ध चाहेका छैनन् । नेपाली कांग्रेसले पनि अहिले अर्द्धबाम-लोकतान्त्रिक चरित्रलाई बोकी हिँडेका छ । फलस्वरूप पार्टी न त आफ्नो पुरानो सैद्धान्तिक धरातलमा उभिन सकेको छ न त कम्युनिष्ट जस्तो कथित क्रान्तिकारी चरित्रलाई नै आत्मसात गर्न सकेको छ । देशका युवाहरूको प्रतिनिधित्व गर्न पार्टी असफल भएको छ । नेपाली कांग्रेसले पनि अहिले अर्द्धबाम-लोकतान्त्रिक चरित्रलाई बोकी हिँडेका छ । फलस्वरूप पार्टी न त आफ्नो पुरानो सैद्धान्तिक धरातलमा उभिन सकेको छ न त कम्युनिष्ट जस्तो कथित क्रान्तिकारी चरित्रलाई नै आत्मसात गर्न सकेको छ । देशका युवाहरूको प्रतिनिधित्व गर्न पार्टी असफल भएको छ । तराई मधेसका पार्टीको जनाधार क्रमिक रूपमा खस्किदो अवस्थामा छ । महेन्द्र नारायणको विरासतलाई बोक्न विमलेन्द्र निधि असमर्थ छन् । अन्यहरूको अवस्थामा पनि फरक छैन । काठमाडौं पनि (पार्टीको केन्द्रित्व) मधेसमा कमजोर तर वफादार कार्यकर्ता खोजिरहेको छ । नेपाली कांग्रेसको आधारभूमि मधेस रहे पनि पार्टीले कुनै मधेसी नेतालाई अगाडि बढन दिएन । जनजाति नेतालाई पार्टीले बढ्न दिएन, मधेसीलाई कसरी बढन दिन्थ्यो ।

भद्रकाली मिश्र, परशुनारायण चौधरी, बखानसिंह गुरुङ्गहरू यसका उदाहरण हुन् । लौहपुरुष र महान् त्यागी गणेशमान सिंहलाई अन्तिम समयमा पार्टीले समुचित सम्मान गर्न सकेन भने अन्य नेताको के कुरा ? प्रकाशमान सिंह काठमाडौंबाट पटक-पटक चुनाव जितेर मन्त्री त भए तर पार्टी सभापति बन्न सकेनन्, न त प्रधानमन्त्री नै बन्न सके । जेनजी आन्दोलनमा सुनियोजित रूपमा उनलाई निशाना बनाइयो । उनले राजनीतिबाट मात्रै पैसा कमाएनन् राजदरबार र राणा परिवारपछि काठमाडौंको धनाढ्य परिवारको रूपमा उनको घरको पहिचान रहिआएको छ । नेपाली कांग्रेसले यस महाधिवेशनमा पनि प्रकाशमान सिंह जस्ता जनजाति र विमलेन्द्र निधि जस्ता मधेसीलाई नेतृत्वको अवसर प्रदान गर्न सम्भावना छैन । नेपाली कांग्रेसको आउँदो महाधिवेशनले पार्टीको दिशा र भविष्यको निर्धारण गर्नेछ । पार्टीले जनताको समर्थन र विश्वास जित्न युवा र किसानलाई आकर्षित गर्ने कार्यक्रम ल्याउनु आवश्यक छ । पार्टी एक्लैले २०७९ को प्रदर्शन दोहोऱ्याउन सक्दैन । एमालेसँगको चुनावी गठबन्धनले पार्टीलाई झन् क्षति पुऱ्याउनेछ । पार्टीले महिला र ज्येष्ठ नागरिकलाई आकर्षित गर्ने नीति बनाउनुपर्छ । अब बीपी, सुवर्ण र गणेशमान सिंहको नाममा भोट माग्ने दिन रहेन । -

**इहिमालय टाइम्स**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रेष्टरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : जोसजाँगर वृद्धि हुनेछ। नयाँ काम गर्ने समय रहेको छ। | **तुला** : मन प्रसंन्न रहने छ । तपाईको सबैले तारिफ गर्ने छन् । |
| **वृष** : काम गर्दा सावधानी अपनाउनुहोस्। आम्दानी बढ्ने छ। | **वृश्चिक** : योजनाहरु सफल हुने छन् । व्यापार व्यसायमा सफलता मिल्ने छ । |
| **मिथुन** : घरमा विशिष्ट व्यक्तिको आगमन हुनेछ।प्रतिष्ठा बढ्ने छ । | **धनु** : धार्मिक यात्रा हुने छ । यात्रा गर्दा सावधानी भने अपनाउनुपर्ने छ। |
| **कर्कट** : कामको प्रसंसा हुने छ । निर्णय गर्दा भने ध्यान दिनुपर्ने छ । | **मकर** : नयाँ रोजगारी सिर्जना हुने छ । साथीहरुको सहयोग मिल्ने छ । |
| **सिंह** :नेतृत्व गर्ने बेला आएको छ । पद प्रतिष्ठामा वृद्धि हुने छ। | **कुम्भ** : समाजमा सम्मान भइने छ। आफ्न्तको साथले काम बन्ने छ । |
| **कन्या** : स्वास्थ्यमा समस्या आउन सक्छ । खानपानमा ध्यान दिनुहोला । | **मीन** : सवारी चलाउदा ध्यान दिनुहोला । आँटेका काम पुरा हुने छन्। |

# कृषि

## केराको थम्बाबाट साइलेज बनाउने प्रविधिमा अनुसन्धान




**चितवन,** चितवनको राष्ट्रिय गाई अनुसन्धान कार्यक्रम रामपुर चितवनले खेरजाने केराको थम्बाबाट पशुचौपायालाई खुवाउने साइलेज बनाउने प्रविधिबारे अनुसन्धान सुरु गरेको छ ।

कार्यालय प्रमुख देवीप्रसाद अधिकारीले किसानको खेतबारीमा खेर गइरहेको केराको थम्बालाई सदुपयोग गर्ने उद्देश्यले साइलेज बनाउने तरिका र प्रविधिबारे अनुसन्धान थालिएको बताए । उनका अनुसार यसका लागि नवलपरासीका एक किसान छनौट गरिसकिएको छ । साइलेज बनाउने प्रविधिबारे अनुसन्धान गर्न चालु आर्थिक वर्षमा ६ लाख रुपैयाँ विनियोजन गरिएको छ । डा. हेमराज ढकालको नेतृत्वमा अनुसन्धान थालिएको कार्यालय प्रमुख अधिकारीले जानकारी दिए ।केराको थम्बालाई चपिङ गर्ने ( टुक्राउने) र केराको थम्बामा पानीको मात्रा अधिक हुने भएकाले त्यसलाई घटाउने विभिन्न चरणहरूका बारेमा अनुसन्धान हुनेछ । काटेर टुक्रा पारिएको थम्बाबाट पानीको मात्रा घटाउन घामको ताप वा बिजुली दुबै तरिकाबाट परीक्षण गर्ने अधिकारीले बताए । किसान आफैंले घरमा सानो लगानीमा गर्न सक्ने गरी प्रविधिको विकास गर्ने योजना कार्यालयको रहेको उनले जानकारी दिए ।प्लास्टिक प्याकेजिङ वा पिटमा बनाउने विषयमा पनि अनुसन्धान हुनेछ । तीन वर्षे कार्ययोजना बनाएर विभिन्न चरणमा अनुसन्धान पुरा हुने कार्यक्रम प्रमुख अधिकारीले जानकारी दिए । यसरी बनेको साइलेजको रङ, पौष्टिक तत्व लगायतका विविध विषयमा अनुसन्धान हुने उनको भनाइ छ ।मकै वा नेपियर घाँसबाट बनेको साइलेजभन्दा अझैं बढी पोसिलो बनाउनसके त्यसले केरा किसान र दुग्धपालक किसान दुवैलाई फाइदा पुग्ने हिसाबले काम गर्ने सोच रहेको अधिकारीले जानकारी दिए । पानीको मात्रा घटाउन सकिएन भने अर्को विकल्प र विधिमा समेत अनुसन्धान गर्ने लक्ष्य राखिएको छ ।'केराका पातहरु घर पालुवा पशुचौपायालाई खुवाउने गरिए पनि थम्बा भने खुवाउने गरेको पाइँदैन । हात्तीले भने केराको थम्बा खाने गर्दछ । घरपालुवा पशुचौपायालाई खुवाउने साइलेजबारे केराको थम्बाको अहिलेसम्म अनुसन्धान भएको छैन,' डा. अधिकारीले भने, 'अनुसन्धानबाट नौलो प्रविधि तयार गर्न सके किसानहरूलाई प्रत्यक्ष लाभ मिल्नेछ ।'

**केरा किसान भन्छन्- नयाँप्रविधिको विकास भए सबैभन्दा खुसी हुन्छौं**

मकैको साइलेज बनाएर खुवाए पनि केराको साइलेज बनाउने प्रविधि तयार गर्नसके केरा किसान र पशुपालक किसानका लागि नयाँ फड्को हुने जिल्लाका केरा व्यवसायी बताउँछन् ।'जिल्लाका विभिन्न ठाउँमा ५० बिघामा केरा खेती गरेका किसान यज्ञ सुवेदीले किसानले कुहाएर फाल्ने केराको थम्बाबाट साइलेज बनाउन सके सबैभन्दा खुसी हामी हुनेछौं,' उनले भने । केराका थम्बामा पोटासियमको मात्रा बढी हुने भएकाले प्राङ्गारिक मल बनाउने उद्यमीले लगे पनि त्यसले खासै फाइदा नभएको किसान सुवेदीले बताए । 'यसै खेर जाने केराको थम्बाबाट साइलेज बनाउन सके किसानहरुको केरा उत्पादनमा थप भ्यालु एड हुन्थ्यो, केरा, पात र थम्बा बेचेर फाइदा लिन सकिन्थ्यो' सुवेदीले भने, 'व्यावसायिक रुपमा गाई वा भैंसी पाल्ने किसानलाई पनि फाइदा हुन्थ्यो ।'चितवनकै अर्का केरा किसान विष्णुहरि पन्तले थम्बाबाट साइलेज बनाउने बारेमा अनुसन्धान सुरु भएको कुरा सुनेर आफूलाई खुसी लागेको बताए । उनले पहिलोपटक यस्तो सुनेको भन्दै अनुसन्धानलाई सघाउन जिल्लाका केरा व्यवसायीले सहयोग गर्ने बताए ।झण्डै २५ बिघामा केराखेती गरेको पन्तले अहिले केराको थम्बा यसै माटोमा फाल्ने गरेको बताए । 'यसै फालिएको चिजबाट कुनै अर्को उपलब्धिमूलक काम हुन सक्यो भने त्यसको लाभ सबैलाई हुन्छ' पन्तले भने,'अनुसन्धान सफलबनाउन केरा व्यवसायीहरुले गर्नुपर्ने आवश्यक साथ र सहयोग गर्न तयार छौं ।' उनले अनुसन्धानमा तीव्रताका साथ काम गर्न अनुरोध समेत गरे । जिल्लामा सयौं बिघामा केराखेती रहेको भन्दै पन्तले अनुसन्धान सफल भएमा सबै केरा किसान थप उत्साहित हुने बताए । चितवनमा २८ सय ५० विगाहामा केराखेती लगाइएको छ । देशभर १९ हजार ९ सय ८० विगाहामा केराखेती रहेको अनुमान छ ।

*-अनलाईन खबर डटकम*

## स्याङ्जाको कफी जापानदेखि अमेरिकासम्म

**स्याङ्जा,** यति बेला स्याङ्जामा उत्पादित कफी जापान, कोरिया र अमेरिका निर्यात हुँदै आएको छ । जिल्लामा उत्पादित कफी स्वादिष्ट र गुणस्तर भएपछि विदेश निर्यात हुँदै आएको हो ।

विगतका वर्षहरुमा जापान, कोरिया र अमेरिका निर्यात हुँदै आएको यहाँको कफी पछिल्लो समय अष्ट्रेलियामा समेत माग गरिएको छ । जिल्लाका चार हजारभन्दा बढी कृषकले वार्षिक २ लाख किलो फ्रेस चेरी (रातो दाना) कफी उत्पादन गरेका छन् । अघिल्लो वर्ष एक लाख ८० हजार किलो उत्पादन भएको कफी पछिल्लो वर्ष २ लाख किलो पुगेको हो । संकलन १२ र ढुवानी तीन रुपैयाँसहित प्रतिकिलो १२५ रुपैयाँमा फ्रेस चेरी बिक्रीबाट कृषकले वर्षमा झण्डै दुई करोड २० लाख नगद आम्दानी गर्न सफल भएका छन् । उत्पादन भएको दुई लाख किलो फ्रेस चेरीको झण्डै ४० हजार किलो पार्चमेन्ट ( ब्रोक्रा छोडाएको) तयार हुन्छ । पार्चमेन्टमध्ये झण्डै ९० प्रतिशत ग्रिनविन्स (खोस्टा फालेको) अवस्थाको कफी उत्पादन गर्न सकिन्छ । बिक्रीका लागि पूर्णरुपमा तयार भएको ग्रिनविन्समध्ये ९० प्रतिशत प्रतिस्पर्धात्मक बजारमा खपत र विदेश निर्यात हुँदै आएको छ भने १० प्रतिशत आन्तरिक बजारमा बिक्री वितरण हुँदै आएको जिल्ला कफी व्यवसायी संघ स्याङ्जाले जनाएको छ । कृषकको आकर्षण बढेसँगै कफी लगाउने जमिनको क्षेत्रफल र उत्पादनमा प्रत्येक वर्ष वृद्धि हुँदै गएको संघले जनाएको छ । जिल्लामा तीन सय रोपनी क्षेत्रफलमा कफी खेती हुँदै आएको संघको तथ्यांक छ । आर्थिक वर्ष २०८१/०८२ मा २८० रोपनी क्षेत्रफलमा एक लाख ८५ हजार किलोग्राम कफी उत्पादन भएको थियो ।

जिल्लाका ११ पालिकामध्ये हरिनास, चापाकोट र कालीगण्डकीमा संस्थागत रुपमा कफी उत्पादन भएको तथ्यांक नभएपनि अन्य पालिकामा भने समूह र सहकारीमार्फत कफी उत्पादन हुँदै आएको छ । स्याङ्जामा २०५५ सालदेखि व्यावसायिक रुपमा कफी खेती हुँदै आएको छ ।

## बिग्रियो माटो, घट्यो उत्पादन

**काठमाडौं,** चन्द्रागिरि नगरपालिका-६ महादेवस्थानका अमर गिरीले खेतमा जैविक मल प्रयोग गर्न छाडेको पाँच वर्ष भयो । तर, उनले उत्पादन बढाउने भन्दै जैविक मलको सट्टा रासायनिक मलको प्रयोग गर्दा उत्पादन झन् घट्दै गएको छ । रासायनिक मल प्रयोगको मात्राबारे जानकारी नहुँदा असन्तुलित रासायनिक मलको प्रयोगले माटो बिग्रिएर उत्पादन घट्दै भएको हो भन्ने उनको अनुमान छ । रासायनिक मलको प्रयोगले उत्पादनमा ह्रास आउनु र माटो बिग्रिने जाने विषयले उनलाई चिन्तित पनि बनाएको छ ।

रासायनिक मल प्रयोगरी गरी तरकारी खेती गर्दै आएका भक्तपुर सानोथिमिका रवि डङ्गोलको पनि हरेक वर्ष तरकारी बालीको उत्पादन घट्दै गएको छ । उनले भने, "धेरै उत्पादन गर्ने भनेर रासायनिक मलको प्रयोग गरेको त उत्पादन झन् घट्दै गएको छ, यो रासायनिक मलको प्रयोयले माटो बिग्रिएर पो हो कि ?" पछिल्लो समय किसानले बालीमा जथाभावी रासायनिक मल र विषादीको प्रयोग गर्दा माटोको उर्वराशक्तिमा ह्रास हुँदै गएको छ । माटोमा अम्लियपन बढ्दै गएको छ । किसानले अव्यवस्थित रूपमा रासायनिक मलको प्रयोग गरेकाले माटोले उत्पादकत्व गुमाउँदै गएको छ । कृषिमा भित्र्याइएको हरित क्रान्तिको दुष्प्रभाव स्वरूप माटो बिग्रने दर तीव्र गतिले बढ्दो छ । साथसाथै पहिरो तथा भू-क्षय, सहरीकरण, मरुभूमिकरण, माटोको कडापन वा चट्टानीकरण, एकल बाली खेती र माटोमा प्राङ्गारिक पदार्थको कम प्रयोगलगायत कारणले गर्दा पनि माटोको स्वास्थ्य र गुणस्तर खस्कँदै गएको छ । यसले किसानलाई नै बढी घाटा पुऱ्याएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार विभिन्न कारणले यो वर्ष कृषि उत्पादन विशेष गरी धान, उखु, तरकारी र फलफूलको उत्पादनमा करिब एक लाख २७ हजार ३८३ मेट्रिकटन घटी उत्पादन हुने देखिन्छ । मन्त्रालयको प्रतिवेदनमा भनिएको छ, 'प्राप्त तथ्याङ्कअनुसार यो वर्ष बालीतर्फ तीन अर्ब ५४ करोड ६१ लाख चार हजार, पशुपन्छी, मत्स्य तथा घाँसखेतीतर्फ १६ करोड १५ लाख ४६ हजार, कृषि तथा पशुपन्छी पूर्वाधारतर्फ एक करोड छ लाख २५ हजार, सरकारीकार्यालयतर्फ ५८ लाख ६० हजार, जमिन कटानतर्फ तीन करोड ७१ लाख १७ हजार र बीउबिजनतर्फ दुई करोड ८१ लाख चार हजार बराबरको क्षति गरी जम्मा रु तीन अर्ब ७६ करोड १२ लाख ५२ हजार बराबरको क्षति भएको देखिन्छ । तरकारीमा सबैभन्दा बढी रु एक अर्ब २५ करोड ७१ लाख ३३ हजार ५५० बराबरको क्षति पुगेको देखिन्छ, जुन कुल प्रतिशतको ३५.४५ प्रतिशत हुन आउँछ ।'माटो विज्ञहरुले पनि अधिक मात्रामा उत्पादन बढाउने लोभमा किसानहरूले खेतबारीमा रासायनिक मल र विषादीको आवश्यकताभन्दा बढी प्रयोग गर्ने गरेकाले माटोको उर्वरा शक्ति घट्न थालेको बताउँदै आएका छन् । माटोविज्ञ जीवन सुवेदीले गाईवस्तु पाल्न छोडेपछि गोबर मल र प्राङ्गारिक मल बनाउने चलन हराउँदै जाँदा किसानले बढी उब्जाउ हुने भन्दै रासायनिक मल प्रयोग गर्दा माटो बिग्रिँदै गएको र उत्पादनमा क्रमशः ह्रास आउँदै गरेको तर्क गरे । नेपालमा विशेषगरी बलौटे, बलौटे दुमट, दुमट, चिम्ट्याइलो र पाँगो माटो पाइन्छ । बलौटेमा बालुवाको मात्रा धेरै हुन्छ । दोमटमा बालुवा र चिम्ट्याइलो पदार्थ बराबर भएको र चिम्ट्याइलो माटोमा माटोकै मात्रा धेरै हुन्छ । चिम्ट्याइलो माटोले पानी धारण गर्ने क्षमता बढी हुन्छ । यस्तो माटोमा धानलगायत पानी धेरै चाहिने बाली लगाउन सकिन्छ । बलौटे माटोमा बालुवाको मात्रा लगभग ७० प्रतिशत वा त्योभन्दा बढी हुन्छ । यस्तो माटो खुकुलो हुने भएकाले विशेषगरी आलु, मुला, सलगमसँगै खरबुजा, लौका, फर्सीजस्ता जरे बाली लगाउनु राम्रो हुने विज्ञ बताउँछन् ।

**दिवस औपचारिकतामै सीमित**

डिसेम्बर ५ अर्थात् शुक्रबार १२औं विश्व माटो दिवस मनाइएको । 'स्वस्थ माटो, स्वस्थ गाउँसहर' भन्ने मूल नारासहित नेपालमा पनि सो दिवस मनाइएको हो । तर, माटो दिवस औपचारिकतामै सीमित भएको छ । दिवसका लागि दिवस मात्रै भएको छ । तीव्र सहरीकरण तथा औद्योगिकीरणले निम्त्याएको माटो प्रदूषण लगायतका कारणबाट विश्वभर कृषियोग्य जमिन निरन्तर कम हुनाका साथै माटोको संरचना र उर्वरा शक्तिमा नकारात्मक असर परेको छ । सरकारसँग दिगो माटो व्यवस्थापनमार्फत माटोको उर्वरा शक्ति सुदृढ गरी स्वस्थ माटो भावी पुस्तालाई हस्तान्तरण गर्ने दरिलो योजना छैन । माटो उर्वरा शक्तिको दिगो व्यवस्थापनका लागि विश्वस्तरमा जनचेतना अभिवृद्धिमार्फत एकताबद्ध प्रयासका लागि यो दिवस नेपालमा दिवसका लागि दिवस भएको छ । स्वस्थ उत्पादन प्रविधिको न्यून अवलम्बन, असन्तुलित मलखादको प्रयोग, प्राङ्गारिक मलको न्यून प्रयोग एवं कृषि रसायनको अनियन्त्रित प्रयोगका कारण माटोको गुणस्तर खस्कँदै गएको कृषि विभागका महानिर्देशन प्रकाशकुमार सन्जेलले बताए । यसले खाद्य सुरक्षा तथा पारिस्थितिक प्रणालीमा गम्भीर चुनौती उत्पन्न गरेको उनको भनाइ छ । नेपालमा सन् २०१४ डिसेम्बर ५ मा काभ्रेपलाञ्चोकको पाँचखालमा घुम्ती माटो परीक्षण प्रयोगशालाबाट स्थलगत माटो परीक्षणको औपचारिक सुरुआत गरी विश्व माटो दिवस मनाउन सुरु गरियो । तर, यो दिवस मनाउन सुरु गरेको आज ११ वर्षसम्म औपचारिकतामै सीमित छ । खाद्य तथा कृषि संगठन (एएओ) को सिफारिसमा संयुक्त राष्ट्र सैको ६८औं महासभाको निर्णयानुसार सन् २०१३ डिसेम्बर ५ देखि विश्व माटो दिवस मनाउने कार्यक्रमको सुरुआत भएको हो । यस वर्षको विश्व माटो दिवस राष्ट्रियस्तरमा मनाउन कृषि विभाग, केन्द्रीय कृषि प्रयोगशाला, राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्र र संयुक्त राष्ट्रसैंघ खाद्य तथा कृषि संगठन नेपालको समन्वयमा विभिन्न कार्यक्रम हुँदैछ ।विभागका महानिर्देशक सन्जेलले माटो दिवसका अवसरमा केन्द्रीय कृषि प्रयोगशालाको समन्वयमा काभ्रेपलाञ्चोकको मण्डनदेउपुरमा विद्यार्थी र किसानहरुलाई माटो परीक्षणका लागि माटोको नमूना संलग्न गर्ने तालिम सञ्चालन गरिएको जानकारी दिए । साथै, विभागले स्वानमा माटो परीक्षण शिविर सञ्चालन गर्ने कार्यक्रम रहेको छ । डिजिटल माटो नक्सा (डिएसएम) को तथ्याङ्क अनुसार जाँचिएको कुल माटोमध्ये करिब ५४ प्रतिशत माटो अम्लिय, करिब २९ प्रतिशत माटो तटस्थ र करिब १७ प्रतिशत माटो आरीय प्रकृतिको पाइएको छ । पूर्वी नेपालको माटो पश्चिम नेपालको तुलनामा बढी अम्लिय रहेको छ । गत वर्ष करिव ५३ प्रतिशत माटो अम्लिय, करिब ३३ प्रतिशत माटो तटस्थ र करिब १४ प्रतिशत माटो आरीय प्रकृतिको पाइएको थियो । नेपालका अधिकांश माटोमा प्राङ्गारिक पदार्थको मात्रा कम पाइएको छ । करिब ३७ प्रतिशत माटोमा प्राङ्गारिक पदार्थ कम, ४५ प्रतिशत माटोमा मध्यम र १८ प्रतिशत माटोमा उच्च मात्रामा पाइएको छ । विशेषगरी तराईको माटोमा हिमाल र पहाडको तुलनामा प्राङ्गारिक पदार्थको मात्रा कम छ । गत वर्ष ३६.९ प्रतिशत माटोमा प्राङ्गारिक पदार्थ कम, ४६.७ प्रतिशत माटोमा मध्यम र १६.४ प्रतिशत माटोमा उच्च मावामा प्राङ्गारिक पदार्थ पाइएको थियो । नेपालको माटोमा औषत २.५९ प्रतिशत प्राङ्गारिक पदार्थ पाइएको छ । गत वर्ष नेपालको माटोमा औसत २.७७ प्रतिशत प्राङ्गारिक पदार्थ पाइएको थियो । नेपालमा प्रतिवर्ष माथिल्लो सतहको करिब १.७ मिलिमिटर माटो भूक्षयका कारण ह्रास हुने गरेको छ । देशभर करिब २८ प्रतिशत माटोमा नाइट्रोजन कम, ४८ प्रतिशत माटोमा मध्यम र २४ प्रतिशत माटोमा उच्च पाइएको छ । तराईको माटोमा हिमाल र पहाडको तुलनामा नाइट्रोजनको मात्रा कम पाइएको छ । फस्फोरसको स्तर करिब ३५ प्रतिशत माटोमा कम, २१ प्रतिशत माटोमा मध्यम र ४४ प्रतिशत माटोमा उच्च पाइएको कृषि विभागले जनाएको छ । पोटासको स्तर करिब २८ प्रतिशत माटोमा कम, ४८ प्रतिशत माटोमा मध्यम र २४ प्रतिशत माटोमा उच्च रहेको देखिन्छ ।सूक्ष्म पोषक तत्वका दृष्टिले मोलिब्डेनम, जिङ्ग र बोरोनको मात्रा सामान्यत्तया कम पाइएको छ । बोरोनको मात्रा विशेषगरी पूर्वी नेपालमा न्यून छ । साथै, सल्फर पनि मुख्य रूपमा तराई क्षेत्रका माटोमा कम देखिएको निर्देशन सन्जेलले जानकारी दिए । उनले भने, "नेपालको माटोको स्वास्थ्य बिग्रनाका प्रमुख कारण भनेको गोबर वा कम्पोष्ट मल, हरियो मल आदिको प्रयोग न्यून हुनु र रासायनिक मलको असन्तुलित प्रयोग हुनाका साथै विषादीको प्रयोग बढ्दै जानु हो ।"विभागका अनुसार बालीचक्रका आधारमा खेती नगरिनु, अवैज्ञानिक तरिकाबाट सघन खेती गरिनु, बाली काटिसकेपछि बाँकी रहेका अवशेषहरू जमिनबाट पूर्ण रूपमा हटाइनु वा जलाइनु, भू-क्षय निरन्तर नै भइरहनु, औद्योगिक प्रदूषणको मात्रा बढ्नु र कृषि औजार/वन्त्रको अधिकतम् प्रयोगले माटो कडा बन्दै जानुलगायत बाटो बिग्रिँदै जानुको मुख्य कारणलाई लिइएको छ । ग्रामीण क्षेत्रमा असन्तुलित रासायनिक मल र अत्यधिक विषादीको प्रयोग तथा अव्यवस्थित खेती एवं सहरमा अत्यधिक प्लास्टिकको प्रयोग, औद्योगिक तथा घरायसी फोहोरको कारण माटोको गुणस्तरमा ह्रास आइरहेको छ । सहरीकरण बढ्दै जाँदा खुला माटो कङ्क्रिट र सडकले डाकिँदैछ, जसले माटोको पानी सोस्ने र बिरुवा उमार्ने क्षमता कम भएको छ । ग्रामीण क्षेत्रमा असन्तुलित रासायनिक मल र अत्यधिक विषादीको प्रयोग तथा अव्यवस्थित खेती एवं सहरमा अत्यधिक प्लास्टिकको प्रयोग, औद्योगिक तथा घरायसी फोहोरको कारण माटोको गुणस्तरमा हस आइरहेको छ ।माटो बिग्रिन नदिन समयसमयमा आनो खेतबारीको माटोको परीक्षण गराउने, प्रयोगशालाले परीक्षणका आधारमा सिफारिस गरेको मात्रामा कृषि चुन (माटो धेरै अम्लिय भएमा), प्राङ्गारिक पदार्थ र अन्य पदार्थहरुको प्रयोग गरी उपयुक्त प्रविधिअनुसार माटो व्यवस्थापन गर्न र प्रशस्त मात्रामा प्राङ्गारिक पदार्थको उपयोग जस्तै राम्ररी पाकेको गोबर मल, कम्पोष्ट मल, हरियो मल आदिको प्रयोग गर्ने आवश्यक देखिन्छ । उत्पादन वृद्धिका निम्ति खेती हुने गाउँको माटो जस्तै सहरको माटो पनि मूल्यवान् छ र यसको संरक्षण एवं गुणस्तर अभिवृद्धि पनि उत्तिकै आवश्यक छ ।

*---रासस*

# अन्तर्राष्ट्रिय नागरिक उड्डयन दिवस मनाइँदै




**पाल्पा,** मंसिर २०/अन्तर्राष्ट्रिय नागरिक उड्डयन दिवस नेपाल सहित विश्वभर मनाइँदै । उड्ययन सम्बन्धी विभिन्न कार्यक्रम गरी आज दिवस मनाउन लागिएको हो ।

अन्तर्राष्ट्रिय नागरिक उययन प्राधिकरण (आइकाओ) ले हरेक वर्ष डिसेम्बर ७ का दिन यो दिवस मनाउँदै आएको छ । उड्डयन क्षेत्रलाई भरपर्दो , गुणस्तरीय र सुरक्षित बनाउनुको साथै अन्तर्राष्ट्रिय मापदण्डको हवाई क्षेत्र र विमानस्थलको सुरक्षा प्रदान गर्ने उद्देश्यले हरेक वर्ष यो दिवस मनाउने गरिन्छ । आइकाओले शिकागो कन्भेन्सन लागू भएपछि सन् १९९४ देखि नै ले यो दिवस मनाउँदै आएको हो । संयुक्त राष्ट्रसंघको महासभाले सन् १९९६ मा डिसेम्बर ७ लाई अन्तर्राष्ट्रिय नागरिक उड्डन दिवसको मान्यता दिएको थियो । नेपालमा सन् १९५७ मा नागरिक उययन प्राधिकरण स्थापना भएको हो । उययनको सुरक्षा, गुणस्तरीय सेवाको व्यवस्था लगायत व्यवस्थित अन्तर्राष्ट्रिय मापदण्डको हवाई क्षेत्र अनि विमानस्थलको सुरक्षा नै यसको मुख्य उद्देश्य हो । भौगोलिक अवस्था, गुणस्तरको कमी, अन्तर्राष्ट्रिय समुदायले अपनाउँदै गरेको प्रविधि अपनाउन नसक्नु अनि मानवीय त्रुटिका कारणले नेपाली आकाशमा विमान दुर्घटनाका निरन्तर समाचार आइरहन्छन् । कतिपय दुर्घटनाका कारणहरू नियन्त्रण बाहिर हुन्छ भने उययनका आधार तथा नियमहरूलाई आत्मसाथ गर्न सके धेरै दुर्घटनाहरू कमी हुन सक्छ । वास्तवमा भन्ने हो भने हवाई उड्डयनले संसारलाई एकसुत्रमा बाँधिदिएको छ । एउटा कुनाबाट अर्को कुना खासै पर छैन र त्यससँगै यसका चुनौतीहरू पनि आएका छन् । सन् २०१४ मा मलेसियाको क्वालालम्पूर विमानस्थलबाट चीनतर्फ उडेको मलेसियन एयरलाइन्सको जहाज अझै भेटिन सकेको छैन । धेरै यात्रुवाहक विमानहरू युद्धको आवेशमा भएका प्रहारले खसालिएका छन् अनि कैयन विमानहरू अनि तिनका अवशेषहरू अझै फेला पर्न सकेका छैनन् । नेपालमा भएका पछिल्ला केही ठूला विमान दुर्घटनाले नेपालीहरुमा ठूलो चोट दिएर गएको छ । । हवाई सुरक्षा एउटा अत्यन्तै संवेदनशील विषय हो र यसलाई प्राथमिकतामा राख्न आवश्यक छ । अझै पनि नेपाली आकाशमा सिङ्गल इन्जिन सहितका जहाजहरू यात्रुसहित उडाइँदै छन् यसलाई विडम्बना नै मान्नुपर्छ ।

## खेलकुद समाचार

### पोखराले चितवनलाई हरायो



**काठमाडौं,** मंसिर २०/ नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटमा पोखरा एभेन्जर्सले शनिबार चितवन राइनोजलाई ८ विकेटले पराजित गरेको छ । चितवनले दिएको १२१ रनको लक्ष्य पोखराले १९.४ ओभर खेल्दै २ विकेट गुमाएर पूरा गरेको हो ।

पोखराका एडम रोसिङटनले ६५ र अर्जुन कुमालले अविजित ४३ रन बनाए । चितवनका रिजन ढकाल र सैफ जैबले समान १ विकेट लिए । त्यसअघि कीर्तिपुरको त्रिवि क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको चितवनले २० ओभरमा ६ विकेट गुमाएर १ सय २० रन बनायो । चितवनका देव खनालले ४१ बलमा ३५, अल्पेश रामजानीले २२ बलमा ३३ रन बनाए । पोखराका धनञ्जय लक्षणले ३ विकेट लिए । पोखरा र चितवन यस अघि नै क्वालिफायर समीकरणबाट बाहिरिसकेका छन् । यस्तै शनिबारभएको पहिलो खेलमा सुदूरपश्चिम रोयल्सलाई हराउँदै विराटनगर किंङ्स क्वालिफायरमा पुगेको छ । सुदूरपश्चिमले दिएको १ सय ४८ रनको लक्ष्य ५ विकेट गुमाएर ११ ओभर ५ बलमा भेटाउँदै विराटनगरले नेट रनरेटमा काठमान्डु गोर्खाजलाई पछि पारेर शीर्ष-२ मा रहँदै क्वालिफायरमा प्रवेश गरेको हो ।योसँगै क्वालिफायर र इलिमिनेटर समीकरण पूरा भएको छ । अब क्वालिफायरमा शीर्ष स्थानमा रहेको सुदूरपश्चिम र दोस्रो स्थानमा रहेको विराटनगरबीच फेरि प्रतिस्पर्धा हुनेछ । यस्तै इलिमिनेटरमा तेस्रो स्थानको काठमान्डु र चौथो स्थानको लुम्बिनी लायन्सबीच प्रतिस्पर्धा हुनेछ ।

## अर्थ/कर्पोरेट समाचार

# व्यक्तिगत खाताबाट कारोबार नगर्न निर्देशन




**पाल्पा,** मंसिर २०/सहकारी विभागले सहकारी संघसंस्थालाई व्यक्तिगत खाताबाट व्यावसायिक कारोबार नगर्ने निर्देशन गरेको छ । संस्थाको कारोबारबापतको रकम व्यक्तिगत खातामा जम्मा गर्ने प्रवृत्ति बढेको भन्दै त्यसो नगर्न विभागले निर्देशन गरेको हो ।

विभागले आयकर ऐन २०५८ र सम्पत्ति शुद्धीकरणसम्बन्धी यसअघिको निर्देशनका आधारमा निर्देशन जारी गरिएको जनाएको छ । निर्देशनमा सहकारीको कुनै सदस्यले व्यावसायिक कारोबारबापत प्राप्त रकम व्यक्तिगत खातामा जम्मा गरेको पाइएमा त्यस्तो कारोबार वित्तीय जानकारी इकाइमा पठाउन पनि विभागले भनेको छ । मुख्यगरी सम्पत्ति शुद्धीकरण ( मनी लाउन्डिरिङ) निवारण नियमावली र आयकर ऐनमा भएको व्यवस्था कार्यान्वयनका लागि सहकारी संघसंस्थालाई व्यावसायिक कारोबारको रकम व्यक्तिगत खातामा जम्मा नगर्न निर्देशन जारी गरिएको सहकारी विभागले जनाएको छ । आयकर ऐन, २०५८ को दफा ८१ क मा व्यावसायिक कारोबार बापतको रकम व्यक्तिगत खातामा जम्मा गर्न नपाइने व्यवस्था छ । ऐनमा कुनै पनि व्यक्तिले व्यावसायिक कारोबारबापत प्राप्त नगद, चेक, क्यूआर कोड तथा अन्य कुनै विद्युतीय माध्यमबाट प्राप्त हुने कुनै पनि रकम व्यक्तिगत बैंक खातामा जम्मा गर्न नपाइने व्यवस्था गरेको छ । तर सहकारी संस्थाले ऐनको व्यवस्था पालना नगरेको पाइएपछि विभागले नयाँ निर्देशन जारी गरेको हो । यदि सदस्यले त्यस्तो कारोबार गरेको पाइएमा वित्तीय जानकारी इकाइमा प्रतिवेदन गर्नुपर्ने विभागको निर्देशन छ । कुनै पनि व्यक्तिले व्यावसायिक कारोबार बापत प्राप्त नगद, चेक, क्यू आर कोड तथा अन्य कुनै विद्युतीय माध्यमबाट प्राप्त हुने कुनै पनि रकम व्यक्तिगत बैंक खातामा जम्मा गर्न पाइने छैन ।

# शिक्षा स्वास्थ्य तथा साहित्य...

...सोही अवसरमापं.गोविन्द प्रसाद भुसालद्वारा लिखित कृति "नेपालको ७७ जिल्लाहरूको भ्रमण तथा भारत चीनको तीर्थयात्रा" को समेत लोकार्पण गरिएको थियो । कृतिको भैरहवा बहुमुखी क्याम्पसका सह-प्राध्यापक डा. दामोदर ढकालले समीक्षा गरेका थिए । नेपालका ७७ वटै जिल्लाको बारेमा संक्षेपमा लेखिएको कृति जानकारीमूलक रहेको छ । कार्यक्रममा जानका नेपाल,भेषराज सुवेदी, बुद्धिप्रसाद शर्मा , बाबुराम कार्की ,गुणवती के.सी., शकुन्तला पौडेल , सीता ढुङ्गाना ,सरू ज्ञवाली र प. गोविन्दप्रसाद भुसाल लगायतले आ-आफ्नो धाराणा राखेका थिए । प्रतिष्ठानका सदस्य भोजराज भट्टराईले सम्मानित व्यक्तिहरूको बारेमा प्रकाश पारेका थिए । कार्यक्रममा प्रतिष्ठानले चारवर्षे विमला कमल शैक्षिक छात्रवृत्ति , ज्ञानज्योति शैक्षिक छात्रवृत्ति , नैना नेपाल छात्रवृत्ति र माता दीनकुमारी स्मृति छात्रवृत्ति पनि प्रदान गरेको छ । जसबाट ३ वटा विद्यालय र ३ वटा क्याम्पसका गरि १४ जना छात्राहरूले नियमित छात्रवृत्ति प्राप्त गर्दै आएका छन् ।

प्रतिष्ठानका संरक्षक प्रा.डा. प्रकाशराज रेग्मी , ज्योति रेग्मी अधिकारी , नैना नेपाल , रोहित प्रसाद ज्ञवाली छात्रवृत्ति दाताको रूपमा रहेका छन् । प्रतिष्ठानले विद्यार्थी केन्द्रीत साहित्यिक कार्यक्रमहरू समेत सञ्चालन गर्नुका साथै समय समयमा स्वास्थ्य सचेतना शिक्षा र मुटु तथा दन्त परीक्षण शिविरहरू सञ्चालन गर्दै आएको छ । कार्यक्रममा सचिव छबिलाल भुसालले प्रतिष्ठानको लेखापरीक्षण सम्पन्न आ.व.२०८१/०८२ को रू.८ लाख १४ हजार २ सय १६ बराबरको आय-व्यय प्रस्तुत गरे । अध्यक्ष पुष्कर अथक रेग्मीले प्रतिष्ठानमा ११ वटा सम्मान कोष रहेकोमा आगामी वर्षदेखि शिक्षाको क्षेत्रमा थप र शीत तथा गुलेली काव्यको क्षेत्रमा समेत पुरस्कार सम्मानका लागि कोष स्थापना भएको जानकारी गराए । प्रतिष्ठानमा समाजेवी रेणुका श्रेष्ठद्वारा हीराकृष्ण शिक्षा पुरस्कार , ररोहित प्रसाद ज्ञवालीद्वारा गुलेली काव्य पुरस्कार र अथक रेग्मीद्वारा शीत काव्य पुरस्कार स्थापना गरिएको छ । प्रतिष्ठानका अध्यक्ष रेग्मीको अध्यक्षता,उपाध्यक्ष रोहित प्रसाद ज्ञवालीको स्वागत र महासचिव चन्द्रकान्त न्यौपानेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# स्वास्थ्य स्वयंसेविका...

...माथागढी गाउँपालिका रुप्सेकी यमकला बस्यालको गुनासो पनि उस्तै छ । बस्याल विगत १० वर्षदेखि महिला स्वयंसेविकाको जिम्मेवारीमै छिन् । उनले आफ्नो टोलका गर्भवती महिला, शिशु र जेष्ठ नागरिकहरुको स्वास्थ्य अवस्था बुझ्ने र उनीहरुको आश्यक उपचार गर्न सम्बन्धित स्वास्थ्य संस्थामा जान सल्लाह दिने, गर्भवतीलाई नियमित चेकजाँच गर्ने, आइरन चक्की खुवाउँने, बच्चालाई पोलियो खुवाउने यी सबै काम उनको हो । तर आृनो कामअनुसारको दाम नभएको पीडा उनमा पनि छ । "समाजकै लागि जीवन दिएका छौं । सरकारले हामीहरूलाई पनि केही सुविधा र सहयोग गरेको भए राम्रो हुने थियो," उनले भनिन्, "हाम्रो पनि घरपरिवार छ । बिहान उठ्नासाथ काममा जान्छौं तर सबै सेवा निःशुल्क दिन्छौं । आफ्नो परिवारको पनि चिन्ता छ ।"यी प्रतिनिधिमूलक पात्र हुन् । जिल्लाका स्वास्थ्य स्वंसेविकाहरुले आफूहरूले बर्षौं देखि निशूल्क रुपमा स्वास्थ्य सेवा प्रवाह गर्दै आएको भएपनि राज्यले आफूहरू माथि ठूलो अन्याय गरेको गुनासो गर्छन् । उनीहरूले आफूहरूलाई पनि मासिक सेवा सुविधा दिइनु पर्ने अन्यथा खाजा, तथा यातायात खर्चको व्यवस्था गरिनु पर्ने बताएका छन् । आफूहरूले यी माग राख्न थालेको लामो समय भइसक्दा समेत सरकारले कुनै चासो नदिएको भन्दै राज्यले सहुलियत प्रदान गर्नै नचाहेको गुनासो गरेका छन् ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई

स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता अनमोल केसी अभिनीत फिल्म ”जेरी अन टप” ले बक्स अफिसमा आक्रामक कमाइ गरिरहेको छ। होस्टेल” बाट अभिनेताका रूपमा डेब्यु गरेका अनमोलले पहिलो फिल्मबाटै चर्चा कमाएका थिए। त्यसपछि उनका ”जेरी”, ”ड्रिम्स”, ”गाजलु” लगायतका फिल्महरू लगातार चर्चित र सफल छन्। यद्यपि, यसअघिका फिल्मभन्दा व्यापारमा ”जेरी अन टप” अगाडि आएको छ।

आजको विचार...



नेपाली...
(दुई पेजमा)

श्रीमननारायण



फिल्म निर्माणको स्टेरिङ समाल्नु एउटा कुरा हो, तर त्यसलाई सही गन्तव्यमा पुर्‍याउनु विज्ञताको परीक्षा हो। निर्देशक एकता पौडेलको हकमा पनि उक्त कुरा ठ्याक्कै मेल खान पुगेको छ। अमेरिकाबाट फिल्म मेकिङ्को अध्ययन गरेर फर्किएकी पौडेलले “हर्ष”मार्फत निर्देशकीय स्टेरिङ समातिन्, तर अभ्यास र परिपक्वताको अभावले होला, उनी फिल्मलाई दर्शकको अपेक्षाअनुसार गन्तव्यसम्म पुर्‍याउने सवालमा कच्चा देखिइन्।

❒ वर्ष ३१ अंक १३० ❒ २०८२ मंसिर २१ गते आइतबार 7 December 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# स्वास्थ्य स्वयंसेविकाको गुनासो : दुःख धेरै, सुविधा कम

**रामचन्द्र रायमाझी**

**पाल्पा,** मंसिर २०/जिल्लाका स्वास्थ्य स्वंसेविकाहरुले आफूहरूले बर्षौं देखि निशूल्क रुपमा स्वास्थ्य सेवा प्रवाह गर्दै आएको भएपनि राज्यले आफूहरू माथि ठूलो अन्याय गरेको गुनासो गर्ने गरेका छन् । उनीहरूले घरदैलो कार्यक्रम गर्दै सुरक्षित मातृत्व, खोप तथा पोषण कार्यक्रम र नवजात शिशु सरसफाइमा जनचेतना फैलाउने काम गर्दै आए पनि आफूले गरेको कामको कुनै पनि मूल्याङ्कन नभएकोमा चिन्ता व्यक्त गर्ने गरेका हुन् ।

तानसेनकी मनकला सारुले महिला स्वयंसेविकाको काम गर्न थालेको २० बर्ष भयो । उनले रातदिन नभनेर गर्भवतीदेखि ५ वर्षमुनिका शिशुको स्वास्थ्यबारे जिम्मेवारपूर्वक काम गरिरहेकी छन् । आफूहरूको जिन्दगी गाउँघरकै सेवामै बितेको सारुको भनाई छ । महिला स्वास्थ्य स्वयंसेविकाको रूपमा काम गर्दा खाजा खर्चसमेत नपाएको उनको गुनासो छ । “हामीले दुःख मात्र गरेका छौं, श्रमको उचित मूल्य पाउन सकेका छैनौं,” उनले भनिन् । सुविधाका



नाममा बैठक भत्ता रु चार सय ५०, वार्षिक पोशाक भत्ता रु १० हजार, खोप लगाउँदा तथा औषधि खुवाउँदा दैनिक रु चार सय र त्यसभन्दा अरू प्राप्त गर्न नसकेको उनले बताइन् ।जिल्लाको रम्भा गाउँपालिका-३ पिपलडाँडाकी लिलामाया रानाले पनि सुत्केरी हुँदा स्वास्थ्य संस्थामा जान सल्लाह दिने, आवश्यक परे लैजाने र घण्टौं कुरेर बस्ने गरे पनि कामअनुसारको सुविधा र सम्मान नभएको उनको गुनासो छ । “गर्भवतीलाई नियमित चेकजाँच गर्न लैजान्छौं । आइरन चक्की खुवाउँछौं । बच्चालाई पोलियो खुवाउने गर्छौं । आफ्नो टोलका स्वास्थ्यसम्बन्धी अधिकांश कामको जिम्मा हामीहरूले नै लिएका छौं,” उनले भनिन्, “रात दिन घरपरिवार छाडेर सेवा गरिरहेका छौं ।” कामअनुसारको सम्मान र सुविधा नपाएको उनले बताइन् । “हामीहरूलाई खासै सुविधा मिल्दैन,”उनले भनिन्, “आफ्नो परिवार धान्नै गाह्रो पो हुन्छ ।” पोशाक खर्च भनेर वार्षिक १० हजार रुपैयाँ मात्र सरकारले दिने गरेको उनको भनाइ छ । *-बाँकी अन्तिम पेजमा*

## संक्षिप्त समाचार

### गोली चल्दा ११ जनाको मृत्यु

**(रासस/एएफपी)**

**जोहानेसबर्ग,** मङ्सिर २० /बन्दुकधारीहरूले शनिबार दक्षिण अफ्रिकाको राजधानी प्रिटोरिया स्थित एक छात्रावासमा आक्रमण गरी तीन वर्षीय बालकसहित ११ जनाको हत्या गरेको प्रहरीले जनाएको छ । आक्रमणमा २५ जनालाई गोली लागेको पुष्टि गर्दै प्रहरी प्रवक्ता एथ्लेन्डा माथेले १४ जनालाई अस्पतालमा भर्ना गरिएको जनाउनु भएको छ । प्रिटोरियाबाट १८ किलोमिटर पश्चिममा रहेको साउल्सभिल टाउनसिपमा आक्रमण हुदाँ दश जनाको घटनास्थलमै मृत्यु भएको उल्लेख गर्दै अर्का एक जनाको अस्पतालमा मृत्यु भएको उनले बताए । तीन जना बन्दुकधारीहरू बिहान ४:३० बजे छात्रवास परिसरमा प्रवेश गरी पुरुषहरूको समूहमा अन्धाधुन्ध गोली हानेको जनाइएको छ । उनले गोली हानाहानको उद्देश्य पत्ता लगाउन नसकिएको उल्लेख गर्दै अहिले सम्म कसैलाई पनि पक्राउ नगरिएको बताएका छन् । दक्षिण अफ्रिकाको सबैभन्दा औद्योगिक राष्ट्र दक्षिण अफ्रिका संगठित सञ्जालद्वारा सञ्चालित अपराध र भ्रष्टाचारसँग जुझिरहेको जनाइएको छ ।मुलुकमा धेरै मानिसहरूसँग व्यक्तिगत सुरक्षाका लागि इजाजतपत्र प्राप्त हतियारहरू रहेको तर धेरै अवैध बन्दुकहरू प्रचलनमा रहेको जनाइएको छ ।

## खोलामा एक पुरुषको शव फेला



**गुल्मी,** मंसिर २०/ जिल्लाको एक खोलामा पुरुषको शव फेला परेको छ । जिल्लाको रेसुंगा नगरपालिका-४ स्थित पनाहा खोलामा अन्दाजी ३५ वर्षीय पुरुष शव शनिबार फेला परेका हो ।

शव फेला परे पनि पहिचान भने हुन बाँकी रहेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रमुख प्रहरी उपरीक्षक नारायणप्रसाद अधिकारीले बताए । उनका अनुसार, शनिबार दिउँसो साढे १ बजे आसपासमा पनाहा खोलामा सेतो हरियो रङको चेक सर्ट, माथि नाइक लेखेको कालो ट्र्याक लगाएको र कालो पाइन्ट लगाएका पुरुष मृत फेला परेका थिए । स्थानीयले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । घटनास्थलमा जिल्ला प्रहरी कार्यालयबाट प्रहरी निरीक्षक पर्वतकुमार केसीको नेतृत्वमा टोली खटिएको थियो । घटनासम्बन्धी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## शिक्षा स्वास्थ्य तथा साहित्य प्रतिष्ठानद्वारा पाल्पामा ११ नारी सम्मानित

**पाल्पा,** मंसिर २०/ शिक्षा स्वास्थ्य तथा साहित्य प्रतिष्ठान नेपालले विभिन्न क्षेत्रका ११ जना नारीहरुलाई सम्मान गरेको छ । प्रतिष्ठानको २० औं वार्षिक दिवस तथा ९७ औं कुलमणि देवकोटा जन्मजयन्ती समारोहको अवसरमा शनिबार पाल्पाको तानसेनमा पुरस्कृत एवं सम्मान गरेको हो ।



प्रतिष्ठानले कुलमणि देवकोटा स्मृति प्रतिभा पुरस्कारबाट कवयित्री सरू ज्ञवाली ,लक्ष्मीप्रिय जगत बहादुर जोशी स्मृति पुरस्कारबाट साहित्यकार सीता ढड्गाना काफ्ले, जगतकुलमणिकविन्द्र त्रिनक्षत्र पुरस्कारबाट शकुन्तला पौडेल सानु, विमला रेग्मी स्वास्थ्य सेवा पुरस्कारबाट युनाइटेड मिसन अस्पताल तानसेनकी सिनियर स्टाफ नर्स सीता पन्थी, इन्द्रलाल भारती शिक्षा सेवा सम्मानबाट शिक्षासेवी पूर्वप्रधानाध्यापक केशलक्ष्मी श्रेष्ठ , शक्तिराज रेग्मी सञ्चार सेवा सम्मानबाट रेडियो सञ्चारकर्मी गीता ज्ञवाली , बालहरि स्वास्थ्य सेवा पुरस्कारबाट स्वास्थ्यकर्मी मन हेमचुरी पौडेल ,दीनानाना साहित्य सेवा सम्मानबाट साहित्य प्रतिष्ठानकी आजीवन सदस्य गुणवती के.सी.,राधावद्री स्मृति स्वयंसेवा सम्मानबाट समाजसेवी एवं स्वयंसेवी महिला सरस्वती भट्टराई , शिस्वासाप्र राष्ट्रिय सुसेली सम्मानबाट सुसेली सर्जक कवयित्री इन्दिरा ज्ञवाली पौडेल र तुलठगी शैक्षिक प्रतिभा पुरस्कारबाट न्यू होराइजन स्कुलकी छात्रा अदिति चापागाईंलाई पुरस्कृत एवं सम्मान गरेको छ ।सम्मानित नारीहरुलाई कार्यक्रमका प्रमुख अतिथि साहित्यकार डा. अनिता लामिछाने र प्रतिष्ठानका अध्यक्ष पुष्कर अथक रेग्मीले पुरस्कारले सम्मान गरेका हुन् । सम्मान गर्दै प्रमुख अतिथि साहित्यकार डा. लामिछानेले शिक्षा स्वास्थ्य र साहित्यको क्षेत्रमा क्रियाशील संस्थाले सचेतना शिक्षा , स्वास्थ्य शिविर सञ्चालन र साहित्यको विकासको लागि महत्वपूर्ण योगदान पुर्‍याएकोमा खुसी व्यक्त गरे । *(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

## सम्पादकीय

# उड्डयन क्षेत्र सुधार गरौं

झण्डै एक दशकअघिदेखि नेपाली हवाई क्षेत्रको सुरक्षा सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरबाटै विभिन्न प्रश्न उठ्दै आएको छ । यातायातका दृष्टिले हवाई उडानलाई सुरक्षित मानिए पनि बर्सेनि विमान दुर्घटनाको क्रम नरोकिनुले नेपाली आकाश असुरक्षित रहेको हो कि भन्ने आशंका सर्वत्र उत्पन्न हुने गरेको छ ।

विश्वमा सर्वाधिक विमान दुर्घटना हुने देशमध्ये नेपाल पनि एक हो । स्थानीय मौसमको अवस्था पूर्वानुमान गर्ने परिपाटीको अभाव, छोटा रनवे र न्याभिगेशनका लागि पर्याप्त प्रविधि नहुँदा दुर्घटना हुने गरेको हो । त्यति मात्र होइन कमजोर नियमन, व्यापारिक दवाब, चालक दलका सदस्यहरूले निर्धारण गरिएको नियमको पालना नगर्दा पनि दुर्घटना दोहोरिने गरेका छन् । घटनाहरु दोहोरिन नदिनका लागि उड्डन तथा हवाइ सुरक्षालाई सुनिश्चित गर्नु अहिलेको आवश्यकता हो । यसका लागि स्तरीय हवाइ सेवाका लागि चाहिने भौतिक पूर्वाधार, विमानस्थलहरुको स्तरोन्नति, हवाई नियम र अन्तर्राष्ट्रिय मापदण्डको पालना गरिनुपर्छ । नेपालमा भएका पटक पटकका ठूला विमान दुर्घटनाले नेपालीहरुमा ठूलो चोट दिएको छ । हवाई सुरक्षा एउटा अत्यन्तै संवेदनशील विषय हो र यसलाई प्राथमिकतामा राख्न जरुरी छ । अझै पनि नेपाली आकाशमा सिङ्गल इन्जिन सहितका जहाजहरू यात्रुसहित उडाइँदै छन् यसलाई विडम्बना नै मान्नुपर्छ ।

उड्यन क्षेत्रलाई भरपर्दो,गुणस्तरीय र सुरक्षित बनाउन्को साथै अन्तर्राष्ट्रिय मापदण्डको हवाई क्षेत्र र विमानस्थलको सुरक्षा प्रदान गर्ने उद्देश्यले हरेक वर्ष डिसेम्बर ७ मा अन्तर्राष्ट्रिय नागरिक उड्डयन दिवस मनाउने गरिन्छ , आज पनि नेपालसहित विश्व भर यो दिवस मनाउन लागिएको छ । हरेक वर्ष दिवस मनाउने गरिए पनि नेपालमा हवाइ सेवालाई सुरक्षित र भरपर्दो बनाउन सकिएको छैन् । यो अत्यन्त दुखको कुरा हो । स्थानीय मौसमको अवस्था पूर्वानुमान गर्ने परिपाटीको अभाव, छोटा रनवे र न्याभिगेशनका लागि पर्याप्त प्रविधि नहुँदा दुर्घटना हुने गरेका छन् । त्यति मात्र होइन कमजोर नियमन, व्यापारिक दवाब, चालक दलका सदस्यहरूले निर्धारण गरिएको नियमको पालना नगर्दा पनि दुर्घटना दोहोरिने गरेका छन् । घटनाहरु दोहोरिन नदिनका लागि उड्डयन तथा हवाइ सुरक्षालाई सुनिश्चित गर्नु अहिलेको आवश्यकता हो । यसका लागि स्तरीय हवाइ सेवाका लागि चाहिने भौतिक पूर्वाधार, विमानस्थलहरुको स्तरोन्नति, हवाई नियम र अन्तर्राष्ट्रिय मापदण्डको पालना गरिनुपर्छ । यसो गर्न सकियो भने मात्र उड्डयन क्षेत्र सुरक्षित हुन सक्छ । तसर्थ यस्ता कुरामा ध्यान दिन जरुरी छ ।

## Opinion @ Socia Network

कमजोर होइन कठोर बनाउनु छ यो मनलाई
रोएर होइन हासेर देखाउनु छ यो सारा संसार लाई ।
*(सन्जय नेपालको **फेसबुक स्टाटसबाट** www.facebook.com/sanjay.nepal)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपाली कांग्रेस महाधिवेशन र चुनौती



**श्रीमननारायण**

*नेपाली कांग्रेसको चौधौं महाधिवेशनमा ४० प्रतिशत मत पाएका शेखर कोइराला सम्भवतः यस महाधिवेशनमा पनि पार्टी सभापतिको उम्मेदवार बन्ने निश्चित नै छ । कोइराला परिवारका वरिष्ठ सदस्य रहेका शेखर कोइरालाले पार्टीका पूर्वसभापति गिरिजाप्रसाद कोइरालाको अति नै विश्वासपात्र भई काम गरिसकेका कारण पार्टी संगठनको बारेमा गहिरो जानकारी पनि राखेका छन् । नेपाली कांग्रेसको नेतृत्वका लागि तराई–मधेस चिनेको मान्छे हुनुपर्ने योग्यता पनि उनमा छ । विराटनगर निवासी भएका कारण तराई–मधेसबारे पनि उनलाई गहिरो अध्ययन छ । दोस्रो विशेषता भनेका स्व.मातृकाप्रसाद कोइराला र सुवर्ण शमशेरपछि दक्षिणी छिमेकी भारतसित राम्रो सम्बन्ध राख्ने मान्यताका उनी पक्षधर हुन् । स्व.बीपी कोइराला, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सुशील कोइराला र शेरबहादुर देउवाले यदाकदा भारतको विरोध अथवा भारतलाई जिस्क्याउने खालका टिप्पणीहरू गरेकै छन् ।*

नेपाली कांग्रेसलाई देशको सबैभन्दा ठूलो एवं पुरानो लोकतान्त्रिक पार्टी मानिन्छ । नेपालमा लोकतन्त्रको स्थापना, पुन: स्थापना र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनामा यस पार्टीको अग्रणी र नेतृत्वदायी भूमिका रहिआएको छ । लोकतन्त्र र नेपाली कांग्रेसलाई हाम्रो देशमा एक(अर्काको पर्याय भन्दा पनि अतिश्योक्ति नहोला । नेपाली कांग्रेसमा धेरै राम्रा एवं सकारात्मक पक्षहरू अवश्य पनि छन् तर यसका नकारात्मक पक्ष वा कमीकमजोरी छन् । यद्यपि नेपाली कांग्रेसले आफ्नो कमी–कमजोरीलाई पनि आवश्यकता परेको बेला ऊर्जाको रूपमा परिणत गर्दै आएको छ । पार्टीभित्र गुट–उपगुटको कमी कहिल्यै रहेन तर गुटबन्दीका कारण पार्टी विभाजनको इतिहास धेरै लामो छैन । पार्टी विभाजनका एक–दुई घटना भए पनि पुन: पार्टी एक भएको इतिहास पनि छ । नेपाली कांग्रेसको चौधौं महाधिवेशनमा ४० प्रतिशत मत पाएका शेखर कोइराला सम्भवत: यस महाधिवेशनमा पनि पार्टी सभापतिको उम्मेदवार बन्ने निश्चित नै छ । कोइराला परिवारका वरिष्ठ सदस्य रहेका शेखर कोइरालाले पार्टीका पूर्वसभापति गिरिजाप्रसाद कोइरालाको अति नै विश्वासपात्र भई काम गरिसकेका कारण पार्टी संगठनको बारेमा गहिरो जानकारी राखेका छन् ।नेपाली कांग्रेसका आउँदो पन्ध्रौं महाधिवेशनले पार्टीभित्रको असन्तोष र असन्तुष्टिलाई कम गरी एकताको सन्देश प्रवाहित गर्ने विश्वास पार्टीका कार्यकर्ता नेता र शुभेच्छुहरूको रहेको छ । जेनजी आन्दोलनताका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको निवासमा भेटिएका स्वदेशी–विदेशी पैसाहरू, महँगो विदेशी रक्सीहरू र भाँडाकुँडाले सावित गरिसकेको छ कि नेपाली कांग्रेसको नेतृत्व कति बढी भ्रष्टाचारी रहेछ । जेनजी आन्दोलनका कारण उमेरको उत्तरार्द्धमा आएर देउवा दम्पती भौतिक आक्रमणको शिकार हुनु हास्यास्पद र दु:खद् हो । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले आफ्ना अति नै विश्वासपात्र पूर्णबहादुर खड्कालाई पार्टी नेतृत्वको जिम्मेवारी सुम्पेका छन् तर महाधिवेशनमा उनको सक्रिय भूमिका नरहने अनुमान गर्न सकिँदैन ।

सम्भवत: जेन–जी आन्दोलन नभएको भए २०८२ पुसमा पार्टीको राष्ट्रिय महाधिवेशन पनि हुने थिएन, न त आरजु रणा देउवा नै पार्टी नेतृत्वको प्रतिस्पर्धाभन्दा टाढा रहने थिइन । श्रीमती आरजु राणा देउवालाई राम्ररी थाहा छ कि पार्टी नेतृत्वको बागडोर एक पटकका लागि आफ्नो हातबाट गुमिसकेपछि पुन: त्यसलाई प्राप्त गर्न सकिँदैन । नेपाली कांग्रेसमा कुनै जमानामा सुजाता कोइराला पनि निकै प्रभावशाली थिइन्, जब पार्टीको नेतृत्व गिरिजाप्रसाद कोइरालाको हातमा थियो । अचेल उनी कहाँ र कुन अवस्थामा छिन् ? कसैलाई पनि थाहा छैन । शेखर कोइराला, प्रकाशमान सिंह, विमलेन्द्र निधि, कृष्णप्रसाद सिटौला महाधिवेशनमा नेतृत्वमा आकांक्षी हुन सक्दछन् । विश्वप्रकाश शर्मा र गगन थापाहरूले निकै कम समयमा आफ्नो सान्दर्भिकता गुमाउने काम गरे । जेनजी प्रकरणमा उनीहरूले पनि आफ्नो लोकप्रियता गुमाए ।

नेपाली कांग्रेसको चौधौं महाधिवेशनमा ४० प्रतिशत मत पाएका शेखर कोइराला सम्भवत: यस महाधिवेशनमा पनि पार्टी सभापतिको उम्मेदवार बन्ने निश्चित नै छ । कोइराला परिवारका वरिष्ठ सदस्य रहेका शेखर कोइरालाले पार्टीका पूर्वसभापति गिरिजाप्रसाद कोइरालाको अति नै विश्वासपात्र भई काम गरिसकेका कारण पार्टी संगठनको बारेमा गहिरो जानकारी पनि राखेका छन् । नेपाली कांग्रेसको नेतृत्वका लागि तराई–मधेस चिनेको मान्छे हुनुपर्ने योग्यता पनि उनमा छ । विराटनगर निवासी भएका कारण तराई–मधेसबारे पनि उनलाई गहिरो अध्ययन छ । दोस्रो विशेषता भनेका स्व.मातृकाप्रसाद कोइराला र सुवर्ण शमशेरपछि दक्षिणी छिमेकी भारतसित राम्रो सम्बन्ध राख्ने मान्यताका उनी पक्षधर हुन् । स्व.बीपी कोइराला, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सुशील कोइराला र शेरबहादुर देउवाले यदाकदा भारतको विरोध अथवा भारतलाई जिस्क्याउने खालका टिप्पणीहरू गरेकै छन् । शेखर कोइरालाले अवश्य पनि सस्तो लोकप्रिताका लागि कसैको समर्थन वा विरोध गर्नुभन्दा देश र जनताको बृहत्तर हितमा उपयोगी परराष्ट्र सम्बन्धको वकालत गर्नुहुनेछ । हुनत यो हाम्रो दुर्भाग्य नै हो कि नेपालका कुनै पनि प्रमुख राजनीतिदलहरूको भारतका प्रमुख राजनीतिक दलहरूसित राम्रो सम्बन्ध रहेको इतिहास छैन । भारतीय राष्ट्रिय कांग्रेसको सम्बन्ध कहिल्यै नेपाली कांग्रेससित बढी सुमधुर र सकारात्मक थिएन । नेपाली कांग्रेसको सम्बन्ध भारतका समाजवादी नेता र दलहरूसित रहिआएको छ । भारतमा समाजवादको सिद्धान्तमाथि विश्वास राख्ने नेता र दलहरूको अहिले अभाव छ । यद्यपि त्यहाँ पनि नेपालका राजनीतिक दलहरू जस्तै अनेकौं यस्ता दल छन् जो आफूलाई समाजवादी मानिरहेका छन् । विगत साढे तीन दशकदेखि भारतीय राजनीतिमा निर्णायक भूमिका निर्वाह गर्दै आएको भारतीय जनता पार्टीसित नेपालका कुनै पनि राजनीतिक दलको मित्रतापूर्ण अथवा भ्रातृत्वको सम्बन्ध छैन । नेपालका कम्युनिष्ट पार्टीहरूको चीनका कम्युनिष्ट पार्टीसित राम्रो सम्बन्ध छ । नेपाल कम्युनिष्ट पार्टीका नेताहरूमहिनापिच्छे नै चीन भ्रमणमा जान्छन्, चिनियाँ नेताहरूलाई अतिथिका रूपमा बोलाउँछन् पनि तर नेपाली कांग्रेस भने त्यस्तो गर्दैन । यदाकदा नेपाली कांग्रेसका नेताहरू चीन भ्रमणमा जाने गर्दछन् तर भारतमा त्यस्तो राजनीतिक भ्रमण हुने गरेको पाइँदैन । भारतका कम्युनिष्ट पार्टीको पश्चिम बंगाली, बिहार, उत्तर प्रदेश, उत्तराखण्ड र सिक्किमका खासै प्रभाव नरहेका कारण पनि नेपालका कम्युनिष्ट पार्टी र भारतसितको सम्बन्ध राम्रो छैन । भारत विरोधमा आधारित राष्ट्रवादकै नाराका कारण यहाँका कम्युनिष्टहरू जनताको समर्थन पनि हासिल गरिरहेका छन् । तसर्थ पनि नेपालका कम्युनिष्टहरूले भारतसित राम्रो सम्बन्ध चाहेका छैनन् । नेपाली कांग्रेसले पनि अहिले अर्द्धबाम–लोकतान्त्रिक चरित्रलाई बोकी हिँडेका छ । फलस्वरूप पार्टी न त आफ्नो पुरानो सैद्धान्तिक धरातलमा उभिन सकेको छ न त कम्युनिष्ट जस्तो कथित क्रान्तिकारी चरित्रलाई नै आत्मसात गर्न सकेको छ । देशका युवाहरूको प्रतिनिधित्व गर्न पार्टी असफल भएको छ । नेपाली कांग्रेसले पनि अहिले अर्द्धबाम–लोकतान्त्रिक चरित्रलाई बोकी हिँडेका छ । फलस्वरूप पार्टी न त आफ्नो पुरानो सैद्धान्तिक धरातलमा उभिन सकेको छ न त कम्युनिष्ट जस्तो कथित क्रान्तिकारी चरित्रलाई नै आत्मसात गर्न सकेको छ । देशका युवाहरूको प्रतिनिधित्व गर्न पार्टी असफल भएको छ । तराई मधेसका पार्टीको जनाधार क्रमिक रूपमा खस्किदो अवस्थामा छ । महेन्द्र नारायणको विरासतलाई बोक्न विमलेन्द्र निधि असमर्थ छन् । अन्यहरूको अवस्थामा पनि फरक छैन । काठमाडौं पनि (पार्टीको केन्द्रित्व) मधेसमा कमजोर तर वफादार कार्यकर्ता खोजिरहेको छ । नेपाली कांग्रेसको आधारभूमि मधेस रहे पनि पार्टीले कुनै मधेसी नेतालाई अगाडि बढन दिएन । जनजाति नेतालाई पार्टीले बढ्न दिएन, मधेसीलाई कसरी बढन दिन्थ्यो ।

भद्रकाली मिश्र, परशुनारायण चौधरी, बखानसिंह गुरुङ्गहरू यसका उदाहरण हुन् । लौहपुरुष र महान् त्यागी गणेशमान सिंहलाई अन्तिम समयमा पार्टीले समुचित सम्मान गर्न सकेन भने अन्य नेताको के कुरा ? प्रकाशमान सिंह काठमाडौंबाट पटक–पटक चुनाव जितेर मन्त्री त भए तर पार्टी सभापति बन्न सकेनन्, न त प्रधानमन्त्री नै बन्न सके । जेनजी आन्दोलनमा सुनियोजित रूपमा उनलाई निशाना बनाइयो । उनले राजनीतिबाट मात्रै पैसा कमाएनन् राजदरबार र राणा परिवारपछि काठमाडौंको धनाढ्य परिवारको रूपमा उनको घरको पहिचान रहिआएको छ । नेपाली कांग्रेसले यस महाधिवेशनमा पनि प्रकाशमान सिंह जस्ता जनजाति र विमलेन्द्र निधि जस्ता मधेसीलाई नेतृत्वको अवसर प्रदान गर्न सम्भावना छैन । नेपाली कांग्रेसको आउँदो महाधिवेशनले पार्टीको दिशा र भविष्यको निर्धारण गर्नेछ । पार्टीले जनताको समर्थन र विश्वास जित्न युवा र किसानलाई आकर्षित गर्ने कार्यक्रम ल्याउनु आवश्यक छ । पार्टी एक्लैले २०७९ को प्रदर्शन दोहोऱ्याउन सक्दैन । एमालेसँगको चुनावी गठबन्धनले पार्टीलाई झन् क्षति पुऱ्याउनेछ । पार्टीले महिला र ज्येष्ठ नागरिकलाई आकर्षित गर्ने नीति बनाउनुपर्छ । अब बीपी, सुवर्ण र गणेशमान सिंहको नाममा भोट माग्ने दिन रहेन । –

**इहिमालय टाइम्स**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पिटल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : जोसजाँगर वृद्धि हुनेछ। नयाँ काम गर्ने समय रहेको छ। | **तुला** : मन प्रसंन्न रहने छ । तपाईको सबैले तारिफ गर्ने छन् । |
| **वृष** : काम गर्दा सावधानी अपनाउनुहोस्। आम्दानी बढ्ने छ। | **वृश्चिक** : योजनाहरु सफल हुने छन् । व्यापार व्यसायमा सफलता मिल्ने छ । |
| **मिथुन** : घरमा विशिष्ट व्यक्तिको आगमन हुनेछ।प्रतिष्ठा बढ्ने छ । | **धनु** : धार्मिक यात्रा हुने छ । यात्रा गर्दा सावधानी भने अपनाउनुपर्ने छ। |
| **कर्कट** : कामको प्रसंसा हुने छ । निर्णय गर्दा भने ध्यान दिनुपर्ने छ । | **मकर** : नयाँ रोजगारी सिर्जना हुने छ । साथीहरुको सहयोग मिल्ने छ । |
| **सिंह** :नेतृत्व गर्ने बेला आएको छ । पद प्रतिष्ठामा वृद्धि हुने छ। | **कुम्भ** : समाजमा सम्मान भइने छ। आफन्तको साथले काम बन्ने छ । |
| **कन्या** : स्वास्थ्यमा समस्या आउन सक्छ । खानपानमा ध्यान दिनुहोला । | **मीन** : सवारी चलाउदा ध्यान दिनुहोला । आँटेका काम पुरा हुने छन्। |

# कृषि

## केराको थम्बाबाट साइलेज बनाउने प्रविधिमा अनुसन्धान




**चितवन,** चितवनको राष्ट्रिय गाई अनुसन्धान कार्यक्रम रामपुर चितवनले खेरजाने केराको थम्बाबाट पशुचौपायालाई खुवाउने साइलेज बनाउने प्रविधिबारे अनुसन्धान सुरु गरेको छ ।

कार्यालय प्रमुख देवीप्रसाद अधिकारीले किसानको खेतबारीमा खेर गइरहेको केराको थम्बालाई सदुपयोग गर्ने उद्देश्यले साइलेज बनाउने तरिका र प्रविधिबारे अनुसन्धान थालिएको बताए । उनका अनुसार यसका लागि नवलपरासीका एक किसान छनौट गरिसकिएको छ । साइलेज बनाउने प्रविधिबारे अनुसन्धान गर्न चालु आर्थिक वर्षमा ६ लाख रुपैयाँ विनियोजन गरिएको छ । डा. हेमराज ढकालको नेतृत्वमा अनुसन्धान थालिएको कार्यालय प्रमुख अधिकारीले जानकारी दिए ।केराको थम्बालाई चपिङ गर्ने ( टुक्राउने) र केराको थम्बामा पानीको मात्रा अधिक हुने भएकाले त्यसलाई घटाउने विभिन्न चरणहरूका बारेमा अनुसन्धान हुनेछ । काटेर टुक्रा पारिएको थम्बाबाट पानीको मात्रा घटाउन घामको ताप वा बिजुली दुबै तरिकाबाट परीक्षण गर्ने अधिकारीले बताए । किसान आफैंले घरमा सानो लगानीमा गर्न सक्ने गरी प्रविधिको विकास गर्ने योजना कार्यालयको रहेको उनले जानकारी दिए ।प्लास्टिक प्याकेजिङ वा पिटमा बनाउने विषयमा पनि अनुसन्धान हुनेछ । तीन वर्षे कार्ययोजना बनाएर विभिन्न चरणमा अनुसन्धान पुरा हुने कार्यक्रम प्रमुख अधिकारीले जानकारी दिए । यसरी बनेको साइलेजको रङ, पौष्टिक तत्व लगायतका विविध विषयमा अनुसन्धान हुने उनको भनाइ छ ।मकै वा नेपियर घाँसबाट बनेको साइलेजभन्दा अझैं बढी पोसिलो बनाउनसके त्यसले केरा किसान र दुग्धपालक किसान दुवैलाई फाइदा पुग्ने हिसाबले काम गर्ने सोच रहेको अधिकारीले जानकारी दिए । पानीको मात्रा घटाउन सकिएन भने अर्को विकल्प र विधिमा समेत अनुसन्धान गर्ने लक्ष्य राखिएको छ ।'केराका पातहरु घर पालुवा पशुचौपायालाई खुवाउने गरिए पनि थम्बा भने खुवाउने गरेको पाइँदैन । हात्तीले भने केराको थम्बा खाने गर्दछ । घरपालुवा पशुचौपायालाई खुवाउने साइलेजबारे केराको थम्बाको अहिलेसम्म अनुसन्धान भएको छैन,' डा. अधिकारीले भने, 'अनुसन्धानबाट नौलो प्रविधि तयार गर्न सके किसानहरूलाई प्रत्यक्ष लाभ मिल्नेछ ।'

**केरा किसान भन्छन्- नयाँप्रविधिको विकास भए सबैभन्दा खुसी हुन्छौं**

मकैको साइलेज बनाएर खुवाए पनि केराको साइलेज बनाउने प्रविधि तयार गर्नसके केरा किसान र पशुपालक किसानका लागि नयाँ फड्को हुने जिल्लाका केरा व्यवसायी बताउँछन् ।'जिल्लाका विभिन्न ठाउँमा ५० बिघामा केरा खेती गरेका किसान यज्ञ सुवेदीले किसानले कुहाएर फाल्ने केराको थम्बाबाट साइलेज बनाउन सके सबैभन्दा खुसी हामी हुनेछौं,' उनले भने । केराका थम्बामा पोटासियमको मात्रा बढी हुने भएकाले प्राङ्गारिक मल बनाउने उद्यमीले लगे पनि त्यसले खासै फाइदा नभएको किसान सुवेदीले बताए । 'यसै खेर जाने केराको थम्बाबाट साइलेज बनाउन सके किसानहरुको केरा उत्पादनमा थप भ्यालु एड हुन्थ्यो, केरा, पात र थम्बा बेचेर फाइदा लिन सकिन्थ्यो' सुवेदीले भने, 'व्यावसायिक रुपमा गाई वा भैंसी पाल्ने किसानलाई पनि फाइदा हुन्थ्यो ।'चितवनकै अर्का केरा किसान विष्णुहरि पन्तले थम्बाबाट साइलेज बनाउने बारेमा अनुसन्धान सुरु भएको कुरा सुनेर आफूलाई खुसी लागेको बताए । उनले पहिलोपटक यस्तो सुनेको भन्दै अनुसन्धानलाई सघाउन जिल्लाका केरा व्यवसायीले सहयोग गर्ने बताए ।झण्डै २५ बिघामा केराखेती गरेको पन्तले अहिले केराको थम्बा यसै माटोमा फाल्ने गरेको बताए । 'यसै फालिएको चिजबाट कुनै अर्को उपलब्धिमूलक काम हुन सक्यो भने त्यसको लाभ सबैलाई हुन्छ' पन्तले भने,'अनुसन्धान सफलबनाउन केरा व्यवसायीहरुले गर्नुपर्ने आवश्यक साथ र सहयोग गर्न तयार छौं ।' उनले अनुसन्धानमा तीव्रताका साथ काम गर्न अनुरोध समेत गरे । जिल्लामा सयौं बिघामा केराखेती रहेको भन्दै पन्तले अनुसन्धान सफल भएमा सबै केरा किसान थप उत्साहित हुने बताए । चितवनमा २८ सय ५० विगाहामा केराखेती लगाइएको छ । देशभर १९ हजार ९ सय ८० विगाहामा केराखेती रहेको अनुमान छ ।

*-अनलाईन खबर डटकम*

## स्याङ्जाको कफी जापानदेखि अमेरिकासम्म

**स्याङ्जा,** यति बेला स्याङ्जामा उत्पादित कफी जापान, कोरिया र अमेरिका निर्यात हुँदै आएको छ । जिल्लामा उत्पादित कफी स्वादिष्ट र गुणस्तर भएपछि विदेश निर्यात हुँदै आएको हो ।

विगतका वर्षहरुमा जापान, कोरिया र अमेरिका निर्यात हुँदै आएको यहाँको कफी पछिल्लो समय अष्ट्रेलियामा समेत माग गरिएको छ । जिल्लाका चार हजारभन्दा बढी कृषकले वार्षिक २ लाख किलो फ्रेस चेरी (रातो दाना) कफी उत्पादन गरेका छन् । अघिल्लो वर्ष एक लाख ८० हजार किलो उत्पादन भएको कफी पछिल्लो वर्ष २ लाख किलो पुगेको हो । संकलन १२ र ढुवानी तीन रुपैयाँसहित प्रतिकिलो १२५ रुपैयाँमा फ्रेस चेरी बिक्रीबाट कृषकले वर्षमा झण्डै दुई करोड २० लाख नगद आम्दानी गर्न सफल भएका छन् । उत्पादन भएको दुई लाख किलो फ्रेस चेरीको झण्डै ४० हजार किलो पार्चमेन्ट ( ब्रोक्रा छोडाएको) तयार हुन्छ । पार्चमेन्टमध्ये झण्डै ९० प्रतिशत ग्रिनविन्स (खोस्टा फालेको) अवस्थाको कफी उत्पादन गर्न सकिन्छ । बिक्रीका लागि पूर्णरुपमा तयार भएको ग्रिनविन्समध्ये ९० प्रतिशत प्रतिस्पर्धात्मक बजारमा खपत र विदेश निर्यात हुँदै आएको छ भने १० प्रतिशत आन्तरिक बजारमा बिक्री वितरण हुँदै आएको जिल्ला कफी व्यवसायी संघ स्याङ्जाले जनाएको छ । कृषकको आकर्षण बढेसँगै कफी लगाउने जमिनको क्षेत्रफल र उत्पादनमा प्रत्येक वर्ष वृद्धि हुँदै गएको संघले जनाएको छ । जिल्लामा तीन सय रोपनी क्षेत्रफलमा कफी खेती हुँदै आएको संघको तथ्यांक छ । आर्थिक वर्ष २०८१/०८२ मा २८० रोपनी क्षेत्रफलमा एक लाख ८५ हजार किलोग्राम कफी उत्पादन भएको थियो ।

जिल्लाका ११ पालिकामध्ये हरिनास, चापाकोट र कालीगण्डकीमा संस्थागत रुपमा कफी उत्पादन भएको तथ्यांक नभएपनि अन्य पालिकामा भने समूह र सहकारीमार्फत कफी उत्पादन हुँदै आएको छ । स्याङ्जामा २०५५ सालदेखि व्यावसायिक रुपमा कफी खेती हुँदै आएको छ ।

# बिग्रियो माटो, घट्यो उत्पादन

**काठमाडौं,** चन्द्रागिरि नगरपालिका-६ महादेवस्थानका अमर गिरीले खेतमा जैविक मल प्रयोग गर्न छाडेको पाँच वर्ष भयो । तर, उनले उत्पादन बढाउने भन्दै जैविक मलको सट्टा रासायनिक मलको प्रयोग गर्दा उत्पादन झन् घट्दै गएको छ । रासायनिक मल प्रयोगको मात्राबारे जानकारी नहुँदा असन्तुलित रासायनिक मलको प्रयोगले माटो बिग्रिएर उत्पादन घट्दै भएको हो भन्ने उनको अनुमान छ । रासायनिक मलको प्रयोगले उत्पादनमा ह्रास आउनु र माटो बिग्रिने जाने विषयले उनलाई चिन्तित पनि बनाएको छ ।

रासायनिक मल प्रयोगरी गरी तरकारी खेती गर्दै आएका भक्तपुर सानोथिमिका रवि डङ्गोलको पनि हरेक वर्ष तरकारी बालीको उत्पादन घट्दै गएको छ । उनले भने, "धेरै उत्पादन गर्ने भनेर रासायनिक मलको प्रयोग गरेको त उत्पादन झन् घट्दै गएको छ, यो रासायनिक मलको प्रयोयले माटो बिग्रिएर पो हो कि ?" पछिल्लो समय किसानले बालीमा जथाभावी रासायनिक मल र विषादीको प्रयोग गर्दा माटोको उर्वराशक्तिमा ह्रास हुँदै गएको छ । माटोमा अम्लियपन बढ्दै गएको छ । किसानले अव्यवस्थित रूपमा रासायनिक मलको प्रयोग गरेकाले माटोले उत्पादकत्व गुमाउँदै गएको छ । कृषिमा भित्र्याइएको हरित क्रान्तिको दुष्प्रभाव स्वरूप माटो बिग्रने दर तीव्र गतिले बढ्दो छ । साथसाथै पहिरो तथा भू-क्षय, सहरीकरण, मरुभूमिकरण, माटोको कडापन वा चट्टानीकरण, एकल बाली खेती र माटोमा प्राङ्गाारिक पदार्थको कम प्रयोगलगायत कारणले गर्दा पनि माटोको स्वास्थ्य र गुणस्तर खस्कँदै गएको छ । यसले किसानलाई नै बढी घाटा पुऱ्याएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार विभिन्न कारणले यो वर्ष कृषि उत्पादन विशेष गरी धान, उखु, तरकारी र फलफूलको उत्पादनमा करिब एक लाख २७ हजार ३८३ मेट्रिकटन घटी उत्पादन हुने देखिन्छ । मन्त्रालयको प्रतिवेदनमा भनिएको छ, 'प्राप्त तथ्याङ्कअनुसार यो वर्ष बालीतर्फ तीन अर्ब ५४ करोड ६१ लाख चार हजार, पशुपन्छी, मत्स्य तथा घाँसखेतीतर्फ १६ करोड १५ लाख ४६ हजार, कृषि तथा पशुपन्छी पूर्वाधारतर्फ एक करोड छ लाख २५ हजार, सरकारीकार्यालयतर्फ ५८ लाख ६० हजार, जमिन कटानतर्फ तीन करोड ७१ लाख १७ हजार र बीउबिजनतर्फ दुई करोड ८१ लाख चार हजार बराबरको क्षति गरी जम्मा रु तीन अर्ब ७६ करोड १२ लाख ५२ हजार बराबरको क्षति भएको देखिन्छ । तरकारीमा सबैभन्दा बढी रु एक अर्ब २५ करोड ७१ लाख ३३ हजार ५५० बराबरको क्षति पुगेको देखिन्छ, जुन कुल प्रतिशतको ३५.४५ प्रतिशत हुन आउँछ ।'माटो विज्ञहरुले पनि अधिक मात्रामा उत्पादन बढाउने लोभमा किसानहरूले खेतबारीमा रासायनिक मल र विषादीको आवश्यकताभन्दा बढी प्रयोग गर्ने गरेकाले माटोको उर्वरा शक्ति घट्न थालेको बताउँदै आएका छन् । माटोविज्ञ जीवन सुवेदीले गाईवस्तु पाल्न छोडेपछि गोबर मल र प्राङ्गाारिक मल बनाउने चलन हराउँदै जाँदा किसानले बढी उब्जाउ हुने भन्दै रासायनिक मल प्रयोग गर्दा माटो बिग्रँदै गएको र उत्पादनमा क्रमश: ह्रास आउँदै गरेको तर्क गरे । नेपालमा विशेषगरी बलौटे, बलौटे दुमट, दुमट, चिम्ट्याइलो र पाँगो माटो पाइन्छ । बलौटेमा बालुवाको मात्रा धेरै हुन्छ । दोमटमा बालुवा र चिम्ट्याइलो पदार्थ बराबर भएको र चिम्ट्याइलो माटोमा माटोकै मात्रा धेरै हुन्छ । चिम्ट्याइलो माटोले पानी धारण गर्ने क्षमता बढी हुन्छ । यस्तो माटोमा धानलगायत पानी धेरै चाहिने बाली लगाउन सकिन्छ । बलौटे माटोमा बालुवाको मात्रा लगभग ७० प्रतिशत वा त्योभन्दा बढी हुन्छ । यस्तो माटो खुकुलो हुने भएकाले विशेषगरी आलु, मुला, सलगमसँगै खरबुजा, लौका, फर्सीजस्ता जरे बाली लगाउनु राम्रो हुने विज्ञ बताउँछन् ।

**दिवस औपचारिकतामै सीमित**

डिसेम्बर ५ अर्थात् शुक्रबार १२औं विश्व माटो दिवस मनाइएको । 'स्वस्थ माटो, स्वस्थ गाउँसहर' भन्ने मूल नारासहित नेपालमा पनि सो दिवस मनाइएको हो । तर, माटो दिवस औपचारिकतामै सीमित भएको छ । दिवसका लागि दिवस मात्रै भएको छ । तीव्र सहरीकरण तथा औद्योगिकीरणले निम्त्याएको माटो प्रदूषण लगायतका कारणबाट विश्वभर कृषियोग्य जमिन निरन्तर कम हुनाका साथै माटोको संरचना र उर्वरा शक्तिमा नकारात्मक असर परेको छ । सरकारसँग दिगो माटो व्यवस्थापनमार्फत माटोको उर्वरा शक्ति सुदृढ गरी स्वस्थ माटो भावी पुस्तालाई हस्तान्तरण गर्ने दरिलो योजना छैन । माटो उर्वरा शक्तिको दिगो व्यवस्थापनका लागि विश्वस्तरमा जनचेतना अभिवृद्धिमार्फत एकताबद्ध प्रयासका लागि यो दिवस नेपालमा दिवसका लागि दिवस भएको छ । स्वस्थ उत्पादन प्रविधिको न्यून अवलम्बन, असन्तुलित मलखादको प्रयोग, प्राङ्गाारिक मलको न्यून प्रयोग एवं कृषि रसायनको अनियन्त्रित प्रयोगका कारण माटोको गुणस्तर खस्कँदै गएको कृषि विभागका महानिर्देशन प्रकाशकुमार सन्जेलले बताए । यसले खाद्य सुरक्षा तथा पारिस्थितिक प्रणालीमा गम्भीर चुनौती उत्पन्न गरेको उनको भनाइ छ । नेपालमा सन् २०१४ डिसेम्बर ५ मा काभ्रेपलाञ्चोकको पाँचखालमा घुम्ती माटो परीक्षण प्रयोगशालाबाट स्थलगत माटो परीक्षणको औपचारिक सुरुआत गरी विश्व माटो दिवस मनाउन सुरु गरियो । तर, यो दिवस मनाउन सुरु गरेको आज ११ वर्षसम्म औपचारिकतामै सीमित छ । खाद्य तथा कृषि संगठन (एएओ) को सिफारिसमा संयुक्त राष्ट्र सैको ६८औं महासभाको निर्णयानुसार सन् २०१३ डिसेम्बर ५ देखि विश्व माटो दिवस मनाउने कार्यक्रमको सुरुआत भएको हो । यस वर्षको विश्व माटो दिवस राष्ट्रियस्तरमा मनाउन कृषि विभाग, केन्द्रीय कृषि प्रयोगशाला, राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्र र संयुक्त राष्ट्रसैीय खाद्य तथा कृषि संगठन नेपालको समन्वयमा विभिन्न कार्यक्रम हुँदैछ ।विभागका महानिर्देशक सन्जेलले माटो दिवसका अवसरमा केन्द्रीय कृषि प्रयोगशालाको समन्वयमा काभ्रेपलाञ्चोकको मण्डनदेउपुरमा विद्यार्थी र किसानहरुलाई माटो परीक्षणका लागि माटोको नमूना संलग्न गर्ने तालिम सञ्चालन गरिएको जानकारी दिए । साथै, विभागले स्वानमा माटो परीक्षण शिविर सञ्चालन गर्ने कार्यक्रम रहेको छ । डिजिटल माटो नक्सा (डिएसएम) को तथ्याङ्क अनुसार जाँचिएको कुल माटोमध्ये करिब ५४ प्रतिशत माटो अम्लिय, करिब २९ प्रतिशत माटो तटस्थ र करिब १७ प्रतिशत माटो आरीय प्रकृतिको पाइएको छ । पूर्वी नेपालको माटो पश्चिम नेपालको तुलनामा बढी अम्लिय रहेको छ । गत वर्ष करिव ५३ प्रतिशत माटो अम्लिय, करिब ३३ प्रतिशत माटो तटस्थ र करिब १४ प्रतिशत माटो आरीय प्रकृतिको पाइएको थियो । नेपालका अधिकांश माटोमा प्राङ्गारिक पदार्थको मात्रा कम पाइएको छ । करिब ३७ प्रतिशत माटोमा प्राङ्गारिक पदार्थ कम, ४५ प्रतिशत माटोमा मध्यम र १८ प्रतिशत माटोमा उच्च मात्रामा पाइएको छ । विशेषगरी तराईको माटोमा हिमाल र पहाडको तुलनामा प्राङ्गारिक पदार्थको मात्रा कम छ । गत वर्ष ३६.९ प्रतिशत माटोमा प्राङ्गारिक पदार्थ कम, ४६.७ प्रतिशत माटोमा मध्यम र १६.४ प्रतिशत माटोमा उच्च मावामा प्राङ्गारिक पदार्थ पाइएको थियो । नेपालको माटोमा औषत २.५९ प्रतिशत प्राङ्गारिक पदार्थ पाइएको छ । गत वर्ष नेपालको माटोमा औसत २.७७ प्रतिशत प्राङ्गारिक पदार्थ पाइएको थियो । नेपालमा प्रतिवर्ष माथिल्लो सतहको करिब १.७ मिलिमिटर माटो भूक्षयका कारण ह्रास हुने गरेको छ । देशभर करिब २८ प्रतिशत माटोमा नाइट्रोजन कम, ४८ प्रतिशत माटोमा मध्यम र २४ प्रतिशत माटोमा उच्च पाइएको छ । तराईको माटोमा हिमाल र पहाडको तुलनामा नाइट्रोजनको मात्रा कम पाइएको छ । फस्फोरसको स्तर करिब ३५ प्रतिशत माटोमा कम, २१ प्रतिशत माटोमा मध्यम र ४४ प्रतिशत माटोमा उच्च पाइएको कृषि विभागले जनाएको छ । पोटासको स्तर करिब २८ प्रतिशत माटोमा कम, ४८ प्रतिशत माटोमा मध्यम र २४ प्रतिशत माटोमा उच्च रहेको देखिन्छ ।सूक्ष्म पोषक तत्वका दृष्टिले मोलिब्डेनम, जिङ्ग र बोरोनको मात्रा सामान्यत्तया कम पाइएको छ । बोरोनको मात्रा विशेषगरी पूर्वी नेपालमा न्यून छ । साथै, सल्फर पनि मुख्य रूपमा तराई क्षेत्रका माटोमा कम देखिएको निर्देशन सन्जेलले जानकारी दिए । उनले भने, "नेपालको माटोको स्वास्थ्य बिग्रनाका प्रमुख कारण भनेको गोबर वा कम्पोष्ट मल, हरियो मल आदिको प्रयोग न्यून हुनु र रासायनिक मलको असन्तुलित प्रयोग हुनाका साथै विषादीको प्रयोग बढ्दै जानु हो ।"विभागका अनुसार बालीचक्रका आधारमा खेती नगरिनु, अवैज्ञानिक तरिकाबाट सघन खेती गरिनु, बाली काटिसकेपछि बाँकी रहेका अवशेषहरू जमिनबाट पूर्ण रूपमा हटाइनु वा जलाइनु, भू-क्षय निरन्तर नै भइरहनु, औद्योगिक प्रदूषणको मात्रा बढ्नु र कृषि औजार/वन्त्रको अधिकतम् प्रयोगले माटो कडा बन्दै जानुलगायत बाटो बिग्रँदै जानुको मुख्य कारणलाई लिइएको छ । ग्रामीण क्षेत्रमा असन्तुलित रासायनिक मल र अत्यधिक विषादीको प्रयोग तथा अव्यवस्थित खेती एवं सहरमा अत्यधिक प्लास्टिकको प्रयोग, औद्योगिक तथा घरायसी फोहोरको कारण माटोको गुणस्तरमा ह्रास आइरहेको छ । सहरीकरण बढ्दै जाँदा खुला माटो कङ्क्रिट र सडकले डाकिँदैछ, जसले माटोको पानी सोस्ने र बिरुवा उमार्ने क्षमता कम भएको छ । ग्रामीण क्षेत्रमा असन्तुलित रासायनिक मल र अत्यधिक विषादीको प्रयोग तथा अव्यवस्थित खेती एवं सहरमा अत्यधिक प्लास्टिकको प्रयोग, औद्योगिक तथा घरायसी फोहोरको कारण माटोको गुणस्तरमा हस आइरहेको छ ।माटो बिग्रिन नदिन समयसमयमा आृनो खेतबारीको माटोको परीक्षण गराउने, प्रयोगशालाले परीक्षणका आधारमा सिफारिस गरेको मात्रामा कृषि चुन (माटो धेरै अम्लिय भएमा), प्राङ्गारिक पदार्थ र अन्य पदार्थहरुको प्रयोग गरी उपयुक्त प्रविधिअनुसार माटो व्यवस्थापन गर्न र प्रशस्त मात्रामा प्राङ्गारिक पदार्थको उपयोग जस्तै राम्ररी पाकेको गोबर मल, कम्पोष्ट मल, हरियो मल आदिको प्रयोग गर्ने आवश्यक देखिन्छ । उत्पादन वृद्धिका निम्ति खेती हुने गाउँको माटो जस्तै सहरको माटो पनि मूल्यवान् छ र यसको संरक्षण एवं गुणस्तर अभिवृद्धि पनि उत्तिकै आवश्यक छ ।

---*रासस*

# अन्तर्राष्ट्रिय नागरिक उड्डयन दिवस मनाईँदै




**पाल्पा,** मंसिर २०/अन्तर्राष्ट्रिय नागरिक उड्डयन दिवस नेपाल सहित विश्वभर मनाईँदै । उड्यान सम्बन्धी विभिन्न कार्यक्रम गरी आज दिवस मनाउन लागिएको हो ।

अन्तर्राष्ट्रिय नागरिक उययन प्राधिकरण (आइकाओ) ले हरेक वर्ष डिसेम्बर ७ का दिन यो दिवस मनाउँदै आएको छ । उड्डयन क्षेत्रलाई भरपर्दो , गुणस्तरीय र सुरक्षित बनाउनुको साथै अन्तर्राष्ट्रिय मापदण्डको हवाई क्षेत्र र विमानस्थलको सुरक्षा प्रदान गर्ने उद्देश्यले हरेक वर्ष यो दिवस मनाउने गरिन्छ । आइकाओले शिकागो कन्भेन्सन लागू भएपछि सन् १९९४ देखि नै ले यो दिवस मनाउँदै आएको हो । संयुक्त राष्ट्रसंघको महासभाले सन् १९९६ मा डिसेम्बर ७ लाई अन्तर्राष्ट्रिय नागरिक उड्डन दिवसको मान्यता दिएको थियो । नेपालमा सन् १९५७ मा नागरिक उययन प्राधिकरण स्थापना भएको हो । उययनको सुरक्षा, गुणस्तरीय सेवाको व्यवस्था लगायत व्यवस्थित अन्तर्राष्ट्रिय मापदण्डको हवाई क्षेत्र अनि विमानस्थलको सुरक्षा नै यसको मुख्य उद्देश्य हो । भौगोलिक अवस्था, गुणस्तरको कमी, अन्तर्राष्ट्रिय समुदायले अपनाउँदै गरेको प्रविधि अपनाउन नसक्नु अनि मानवीय त्रुटिका कारणले नेपाली आकाशमा विमान दुर्घटनाका निरन्तर समाचार आइरहन्छन् । कतिपय दुर्घटनाका कारणहरू नियन्त्रण बाहिर हुन्छ भने उययनका आधार तथा नियमहरूलाई आत्मसाथ गर्न सके धेरै दुर्घटनाहरू कमी हुन सक्छ । वास्तवमा भन्ने हो भने हवाई उड्डयनले संसारलाई एकसुत्रमा बाँधिदिएको छ । एउटा कुनाबाट अर्को कुना खासै पर छैन र त्यससँगै यसका चुनौतीहरू पनि आएका छन् । सन् २०१४ मा मलेसियाको क्वालालम्पूर विमानस्थलबाट चीनतर्फ उडेको मलेसियन एयरलाइन्सको जहाज अझै भेटिन सकेको छैन । धेरै यात्रुवाहक विमानहरू युद्धको आवेशमा भएका प्रहारले खसालिएका छन् अनि कैयन विमानहरू अनि तिनका अवशेषहरू अझै फेला पर्न सकेका छैनन् । नेपालमा भएका पछिल्ला केही ठूला विमान दुर्घटनाले नेपालीहरुमा ठूलो चोट दिएर गएको छ । । हवाई सुरक्षा एउटा अत्यन्तै संवेदनशील विषय हो र यसलाई प्राथमिकतामा राख्न आवश्यक छ । अझै पनि नेपाली आकाशमा सिङ्गल इन्जिन सहितका जहाजहरू यात्रुसहित उडाइँदै छन् यसलाई विडम्बना नै मान्नुपर्छ ।

## शिक्षा स्वास्थ्य तथा साहित्य...

...सोही अवसरमापं.गोविन्द प्रसाद भुसालद्वारा लिखित कृति "नेपालको ७७ जिल्लाहरूको भ्रमण तथा भारत चीनको तीर्थयात्रा" को समेत लोकार्पण गरिएको थियो । कृतिको भैरहवा बहुमुखी क्याम्पसका सह-प्राध्यापक डा. दामोदर ढकालले समीक्षा गरेका थिए । नेपालका ७७ वटै जिल्लाको बारेमा संक्षेपमा लेखिएको कृति जानकारीमूलक रहेको छ । कार्यक्रममा जानका नेपाल,भेषराज सुवेदी, बुद्धिप्रसाद शर्मा , बाबुराम कार्की ,गुणवती के.सी., शकुन्तला पौडेल , सीता ढुङ्गाना ,सरू ज्ञवाली र प. गोविन्दप्रसाद भुसाल लगायतले आ-आफ्नो धाराणा राखेका थिए । प्रतिष्ठानका सदस्य भोजराज भट्टराईले सम्मानित व्यक्तिहरूको बारेमा प्रकाश पारेका थिए । कार्यक्रममा प्रतिष्ठानले चारवर्षे विमला कमल शैक्षिक छात्रवृत्ति , ज्ञानज्योति शैक्षिक छात्रवृत्ति , नैना नेपाल छात्रवृत्ति र माता दीनकुमारी स्मृति छात्रवृत्ति पनि प्रदान गरेको छ । जसबाट ३ वटा विद्यालय र ३ वटा क्याम्पसका गरि १४ जना छात्राहरूले नियमित छात्रवृत्ति प्राप्त गर्दै आएका छन् ।

प्रतिष्ठानका संरक्षक प्रा.डा. प्रकाशराज रेग्मी , ज्योति रेग्मी अधिकारी , नैना नेपाल , रोहित प्रसाद ज्ञवाली छात्रवृत्ति दाताको रूपमा रहेका छन् । प्रतिष्ठानले विद्यार्थी केन्द्रीत साहित्यिक कार्यक्रमहरू समेत सञ्चालन गर्नुका साथै समय समयमा स्वास्थ्य सचेतना शिक्षा र मुटु तथा दन्त परीक्षण शिविरहरू सञ्चालन गर्दै आएको छ । कार्यक्रममा सचिव छबिलाल भुसालले प्रतिष्ठानको लेखापरीक्षण सम्पन्न आ.व.२०८१/०८२ को रू.८ लाख १४ हजार २ सय १६ बराबरको आय-व्यय प्रस्तुत गरे । अध्यक्ष पुष्कर अथक रेग्मीले प्रतिष्ठानमा ११ वटा सम्मान कोष रहेकोमा आगामी वर्षदेखि शिक्षाको क्षेत्रमा थप र शीत तथा गुलेली काव्यको क्षेत्रमा समेत पुरस्कार सम्मानका लागि कोष स्थापना भएको जानकारी गराए । प्रतिष्ठानमा समाजेवी रेणुका श्रेष्ठद्वारा हीराकृष्ण शिक्षा पुरस्कार , ररोहित प्रसाद ज्ञवालीद्वारा गुलेली काव्य पुरस्कार र अथक रेग्मीद्वारा शीत काव्य पुरस्कार स्थापना गरिएको छ । प्रतिष्ठानका अध्यक्ष रेग्मीको अध्यक्षता,उपाध्यक्ष रोहित प्रसाद ज्ञवालीको स्वागत र महासचिव चन्द्रकान्त न्यौपानेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## स्वास्थ्य स्वयंसेविका...

...माथागढी गाउँपालिका रुप्सेकी यमकला बस्यालको गुनासो पनि उस्तै छ । बस्याल विगत १० वर्षदेदिख महिला स्वयंसेविकाको जिम्मेवारीमै छिन् । उनले आफ्नो टोलका गर्भवती महिला, शिशु र जेष्ठ नागरिकहरुको स्वास्थ्य अवस्था बुझ्ने र उनीहरुको आश्यक उपचार गर्न सम्बन्धित स्वास्थ्य संस्थामा जान सल्लाह दिने, गर्भवतीलाई नियमित चेकजाँच गर्ने, आइरन चक्की खुवाउँने, बच्चालाई पोलियो खुवाउने यी सबै काम उनको हो । तर आृनो कामअनुसारको दाम नभएको पीडा उनमा पनि छ । "समाजकै लागि जीवन दिएका छौं । सरकारले हामीहरूलाई पनि केही सुविधा र सहयोग गरेको भए राम्रो हुने थियो," उनले भनिन्, "हाम्रो पनि घरपरिवार छ । बिहान उठ्नासाथ काममा जान्छौं तर सबै सेवा नि:शुल्क दिन्छौं । आफ्नो परिवारको पनि चिन्ता छ ।"यी प्रतिनिधिमूलक पात्र हुन् । जिल्लाका स्वास्थ्य स्वंसेविकाहरुले आफूहरूले बर्षौं देखि निशूल्क रुपमा स्वास्थ्य सेवा प्रवाह गर्दै आएको भएपनि राज्यले आफूहरू माथि ठूलो अन्याय गरेको गुनासो गर्छन् । उनीहरूले आफूहरूलाई पनि मासिक सेवा सुविधा दिइनु पर्ने अन्यथा खाजा, तथा यातायात खर्चको व्यवस्था गरिनु पर्ने बताएका छन् । आफूहरूले यी माग राख्न थालेको लामो समय भइसक्दा समेत सरकारले कुनै चासो नदिएको भन्दै राज्यले सहुलियत प्रदान गर्नै नचाहेको गुनासो गरेका छन् ।

खेलकुद समाचार

## पोखराले चितवनलाई हरायो



**काठमाडौ,** मंसिर २०/ नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटमा पोखरा एभेन्जर्सले शनिबार चितवन राइनोजलाई ८ विकेटले पराजित गरेको छ । चितवनले दिएको १२१ रनको लक्ष्य पोखराले १९.४ ओभर खेल्दै २ विकेट गुमाएर पूरा गरेको हो ।

पोखराका एडम रोसिङटनले ६५ र अर्जुन कुमालले अविजित ४३ रन बनाए । चितवनका रिजन ढकाल र सैफ जैबले समान १ विकेट लिए । त्यसअघि कीर्तिपुरको त्रिवि क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको चितवनले २० ओभरमा ६ विकेट गुमाएर १ सय २० रन बनायो । चितवनका देव खनालले ४१ बलमा ३५, अल्पेश रामजानीले २२ बलमा ३३ रन बनाए । पोखराका धनञ्जय लक्षणले ३ विकेट लिए । पोखरा र चितवन यस अघि नै क्वालिफायर समीकरणबाट बाहिरिसकेका छन् । यस्तै शनिबारभएको पहिलो खेलमा सुदूरपश्चिम रोयल्सलाई हराउँदै विराटनगर किंड्स क्वालिफायरमा पुगेको छ । सुदूरपश्चिमले दिएको १ सय ४८ रनको लक्ष्य ५ विकेट गुमाएर ११ ओभर ५ बलमा भेटाउँदै विराटनगरले नेट रनरेटमा काठमान्डु गोर्खाजलाई पछि पारेर शीर्ष-२ मा रहँदै क्वालिफायरमा प्रवेश गरेको हो ।योसँगै क्वालिफायर र इलिमिनेटर समीकरण पूरा भएको छ । अब क्वालिफायरमा शीर्ष स्थानमा रहेको सुदूरपश्चिम र दोस्रो स्थानमा रहेको विराटनगरबीच फेरि प्रतिस्पर्धा हुनेछ । यस्तै इलिमिनेटरमा तेस्रो स्थानको काठमान्डु र चौथो स्थानको लुम्बिनी लायन्सबीच प्रतिस्पर्धा हुनेछ ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## व्यक्तिगत खाताबाट कारोबार नगर्न निर्देशन




**पाल्पा,** मंसिर २०/सहकारी विभागले सहकारी संघसंस्थालाई व्यक्तिगत खाताबाट व्यावसायिक कारोबार नगर्ने निर्देशन गरेको छ । संस्थाको कारोबारबापतको रकम व्यक्तिगत खातामा जम्मा गर्ने प्रवृत्ति बढेको भन्दै त्यसो नगर्न विभागले निर्देशन गरेको हो ।

विभागले आयकर ऐन २०५८ र सम्पत्ति शुद्धीकरणसम्बन्धी यसअघिको निर्देशनका आधारमा निर्देशन जारी गरिएको जनाएको छ । निर्देशनमा सहकारीको कुनै सदस्यले व्यावसायिक कारोबारबापत प्राप्त रकम व्यक्तिगत खातामा जम्मा गरेको पाइएमा त्यस्तो कारोबार वित्तीय जानकारी इकाइमा पठाउन पनि विभागले भनेको छ । मुख्यगरी सम्पत्ति शुद्धीकरण ( मनी लाउन्डिरिङ) निवारण नियमावली र आयकर ऐनमा भएको व्यवस्था कार्यान्वयनका लागि सहकारी संघसंस्थालाई व्यावसायिक कारोबारको रकम व्यक्तिगत खातामा जम्मा नगर्न निर्देशन जारी गरिएको सहकारी विभागले जनाएको छ । आयकर ऐन, २०५८ को दफा ८१ क मा व्यावसायिक कारोबार बापतको रकम व्यक्तिगत खातामा जम्मा गर्न नपाइने व्यवस्था छ । ऐनमा कुनै पनि व्यक्तिले व्यावसायिक कारोबारबापत प्राप्त नगद, चेक, क्यूआर कोड तथा अन्य कुनै विद्युतीय माध्यमबाट प्राप्त हुने कुनै पनि रकम व्यक्तिगत बैंक खातामा जम्मा गर्न नपाइने व्यवस्था गरेको छ । तर सहकारी संस्थाले ऐनको व्यवस्था पालना नगरेको पाइएपछि विभागले नयाँ निर्देशन जारी गरेको हो । यदि सदस्यले त्यस्तो कारोबार गरेको पाइएमा वित्तीय जानकारी इकाइमा प्रतिवेदन गर्नुपर्ने विभागको निर्देशन छ । कुनै पनि व्यक्तिले व्यावसायिक कारोबार बापत प्राप्त नगद, चेक, क्यू आर कोड तथा अन्य कुनै विद्युतीय माध्यमबाट प्राप्त हुने कुनै पनि रकम व्यक्तिगत बैंक खातामा जम्मा गर्न पाइने छैन ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई